# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ५ अङ्क २९ पूर्णाङ्क २१९ २०७७ माघ ५ गते सोमबार Monday, 18 Jan., 2021 पृष्ठ ८ मूल्य रू. १०।–


## नेकपा (क्रान्तिकारी माओवादी)का स्थाई समिति सदस्य तथा देजमो नेपालका अध्यक्ष सीपी गजुरेलको नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका नेता धर्मेन्द्र बास्तोलासँग भेट



ललितपुर । नेकपा क्रान्तिकारी माओवादी नेता तथा देजमो नेपालका अध्यक्ष सीपी गजुरेलले आज विहान जवलाखेल प्रहरी कार्यालय गई गिरफतार गरिएका नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका नेता धर्मेन्द्र बास्तोलाई करीव आधाघण्टा जिल्ला प्रहरी कार्यालय जवलाखेल गई प्रहरी प्रमुख(एसएसपी) किरण बज्राचार्यको कार्यकक्षमा करीव आधा घण्टा भेट वार्ता गर्नु भएकोछ। भेटका क्रममा उहाँहरूबीच देशको समसामयिक बाँकी ७ पेजमा

# सीमा वार्ता गर्न भारत अनिच्छुक, अन्तर्राष्ट्रियकरणको अपरिहार्यता

काठमाडौं । राजनीतिक तथा कूटनीतिक वार्ताद्वारा सीमा समस्या सुल्भाउन भारत अनिच्छुक देखिएको छ । नेपालको अतिक्रमित भूमि लिम्पियाधुरा-लिपुलेक-कालापानी लगायतको भूमि फिर्ता गर्न भारत इच्छुक नदेखिएकोले यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नुपर्ने अपरिहार्यता बढेर गएको छ । ऐतिहासिक सन्धिसम्झौता, जनगणना तथा तिरो तिरेका आदि प्रमाणहरूले भारतले अतिक्रमण गरेको भूमि नेपालकै हो भन्ने पुष्टि भइसकेको पृष्ठभूमिमा भारतले बलमिच्याइँपूर्वक अतिक्रमण गरेको नेपाली भूमि फिर्ता गर्न तयार नभएको अवस्थामा यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नुको विकल्प छैन । लिम्पियाधुरा-लिपुलेक-कालापानी, सुस्ता लगायतका अतिक्रमित भूमि नेपालको हो र नेपालकै कायम हुनुपर्छ भन्ने मुद्दामा सिंगो देश एकढिक्का छ । तर ओली सरकारले यो विषयमा जिम्मेवारपूर्ण ढंगले परिपक्व रूपमा पहलकदमी नलिंदा यो मुद्दा दिनदिनै कमजोर बनेर गएको छ । भारतीय विस्तारवादी शासकसँग नझुकी स्वाभिमानपूर्वक सप्रमाण वार्ता गर्नुपर्नेमा उसैको दलाली गर्न थालेपछि भारतले हेप्न थालेको छ । कुटनीतिक मर्यादा विपरीत भारतीय खुफिया एजेन्सीका प्रमुख सामन्त गोयलसँगको भेटदेखि भारतीय सेनाध्यक्ष मनोज मुकुन्द नरवणे, विदेश सचिव श्रृङ्गला, भाजपाका नेता चौथाइवालेदेखि भारतीय टेलिभिजन पत्रकार जी न्यूजका सम्पादक सुधिर चौधरीलाई बालुवाटारमा सहजै भेट दिने नेपालका प्रधानमन्त्री ओलीका विश्वास पात्र अर्थात् विशेष दूतको रूपमा तीन दिवसीय औपचारिक भ्रमणमा भारत गएका परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीलाई भारतीय प्रम मोदीले भेट दिएनन् । उनले मोदीसँग भेट्न अनेक कोशिस गरे तर सफल भएनन् । यहाँसम्म कि मोदीका सुरक्षा सल्लाहकार अजित डोभलसँग भेट गर्न चाहँदा समेत ज्ञवालीले भेट्न पाएनन् । त्यति मात्र होइन ज्ञवालीको भ्रमणबारे भारतीय विदेश मन्त्रालयले औपचारिक रूपमा विज्ञप्ति प्रकाशित गरेन । भ्रमणको अघिल्लो दिन मात्रै उनको औपचारिक कार्यक्रम समेटिएको मिडिया एड्भाइजरी जारी गरेको थियो । एड्भाइजरीमा बिहीबार परराष्ट्रमन्त्री ज्ञवाली दिल्ली पुग्ने, शुक्रबार संयुक्त आयोगको बैठकमा सहभागी हुने र शनिबार स्वदेश फर्किने उल्लेख थियो ।

संसद विघटन गरेको र सत्तारुढ नेकपा विभाजित भइसकेको अवस्थामा ज्ञवालीलाई भेट्दा अर्को पक्ष चिढिने डरले मोदीले ज्ञवालीलाई भेट नदिएको विश्लेषण पनि राजनीतिक तथा कुटनीतिक वृतमा भए पनि मुख्यतः भारतीय शासक वर्गमा रहेको विस्तारवादी दम्भकै कारण मोदीले ज्ञवालीलाई भेट नदिएका हुन् । ज्ञवालीले अतिक्रमित भूमि लिम्पियाधुरा-लिपुलेक-कालापानी लगायतका सीमा समस्या र इपिजीको विषयमा द्विपक्षीय वार्ता हुने भन्दै यी विषयलाई उनले वार्ताको कार्यसूचिमा राखेपनि भारतले यी दुवै विषयमा छलफल गर्नै चाहेन ।

शुक्रबार सम्पन्न नेपाल-भारत संयुक्त आयोगको बैठक दुई देशका नियमित एजेन्डामा मात्रै केन्द्रित भयो, बैठकमा भारतीय पक्षबाट बहुचर्चित कालापानी-लिम्पियाधुरा सीमा विवादमा उपयुक्त संयन्त्रमा छलफल गर्दै जाने पुरानै प्रतिबद्धता मात्रै दोहोरियो ।

शुक्रबार संयुक्त आयोगको बैठकपछि मन्त्री ज्ञवालीले भारत विश्व सम्बन्ध परिषद्द्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गरेका थिए । तर, सरकारी थिंकट्यांकले ब्यानरको पृष्ठभागमा नेपालको पुरानै नक्सा राखेको थियो ।

भारतले इपिजीको प्रतिवेदन, १९५० को सन्धि पुनरावलोकनलगायत विषयमा पनि ठोस जवाफ दिएन । यसबारे नेपाली दूतावासद्वारा जारी विज्ञप्तिमा मात्रै उल्लेख छ, भारतीय विदेश मन्त्रालयको विज्ञप्ति पनि यसबारे मौन छ ।

गत अगस्त १५, भारतको स्वतन्त्रता बाँकी ८ पेजमा

## बासमती धानलगायत अन्य महत्वपूर्ण जैबिक बनस्पतिहरूको प्याटेण्ट अधिकार सम्बन्धमा चार किसान संगठनको संयुक्त बक्तब्य

नब औपनिबेशिक बाह्य दबाब र दोहनका कारणले हाम्रा मूख्य रैथाने धानबाली बासमती लगायका बालीनालीहरू र हाम्रो प्रचुर जैबिक बनस्पति समेत खतरामा पर्ने र अरु नै देशले हाम्रा अमूल्य र महत्वपूर्ण श्रोत साधनहरूको प्याटेण्ट गर्ने स्थिति बिद्यमान रहेको र यसले हाम्रो बर्तमान र भाबी पुस्तालाई समेत गम्भीर असर पार्ने हुँदा हामी चार किसान संगठन - अखिल नेपाल किसान महासंघ(अप्फा), अखिल नेपाल किसान महासंघ(क्रान्तिकारी), अखिल नेपाल किसान यूनियन र अखिले नेपाल प्रगतिशील किसान संघ - सरकारसँग प्याटेण्ट सम्वन्धि स्थिति कस्तो अबस्थाबाट गुज्रिरहेको छ त्यो खुलस्तरूपमा सार्बजनिक गर्न नेपाली उत्पत्तिका सबै बालीनाली र अमूल्य जैबिक बनस्पतिमाथि नेपालको स्वामित्व नगुम्ने स्थिति सिर्जना गर्न जोडदार माग गर्दछौं । खाशगरी यतिबेला नेपाल उत्पत्तिको रैथाने बासमती धानको प्याटेण्ट अधिकारको रक्षा गर्न र त्यसमाथि नेपालको स्वामित्व कायम गर्न नेपाल सरकारले के गरिरहेको छ प्रष्ट पारोस र ठोस कदम चालोस भन्ने हामी चार किसान संगठनको बिशेष जोड रहेको कुरा स्पष्ट पार्न चाहन्छौ ।

कृषि तथा बनस्पति नेपाली बिज्ञहरूबाट ज्ञात भए अनुसार नेपालका तीन हजार जति रैथाले धानबालीका जातहरू फिलिपिन्सस्थित अन्तर्राष्ट्रिय धानबाली अनुसन्धान केन्द्र(आईआरआरआई -इरी)मा पठाएको र बिश्वभरीकै यस्ता बालीनाली र अमूल्य जैबिक बिबिधताका बनस्पतिबहरूका जीनहरू सुरक्षित राख्ने नर्बेमा ठूलो जीन बैंक रहेको बुझिएकोले ती महत्वपूर्ण बाँकी ७ पेजमा

## देशको वर्तमान राजनीतिक घटनाक्रम र आदिवासी जनजातिका सरोकार लगायतका बिषयहरुमा दुईदिने सघन प्रशिक्षण कार्यक्रम सम्पन्न

### *प्रशिक्षण कार्यक्रमका प्रमुख अतिथि प्रा. डा. ओम गुरुंगले देशको वर्तमान राजनीतिक घटनाक्रम र आदिवासी जनजातिका सरोकारका विषयमा दिए प्रशिक्षण*

पोखरा। पोखरा पुस २७ र २८ गते नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध अखिल नेपाल मगर राष्ट्रिय मुक्ति मोर्चा, अखिल नेपाल तमु राष्ट्रिय मुक्ति मोर्चा र अखिल नेपाल छन्त्याल राष्ट्रिय मुक्ति मोर्चाको संयुक्त आयोजनामा आदिवासी जनजातिका नेता तथा अगुवा कार्यकर्ताहरूलाई देशको वर्तमान राजनीतिक घटनाक्रम र आदिवासी जनजातिका सरोकार लगायतका बिषयहरूमा दुइदिने सघन प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । बाँकी ७ पेजमा



## संसदीय व्यवस्थाको भण्डाफोर गर्दै मार्क्सवादी सांस्कृतिक मोर्चा नेपाल सडक आन्दोलनमा



काठमाडौं । मार्क्सवादी सांस्कृतिक मोर्चा, नेपालले राजनीतिक प्रतिगमनका विरुद्ध संसदीय व्यवस्थाको भण्डाफोर गर्दै प्रतिरोध सांस्कृतिक अभियान सुरु गरेको छ । आजै काठमाडौंको माइतिघर मण्डलामा साहित्यकार, कलाकार र संस्कृतिकर्मीहरूको व्यापक उपस्थितिमा कविता, सांस्कृतिक अभियानका नारा लेखिएका ब्यानर र प्लेकार्ड सहित सडकमा उत्रिएका हुन् । सडकबाट उनिहरूले सामूहिक स्वरमा अग्रगामी राज्य व्यवस्था स्थापनाका लागि समाजवादी यथार्थवादी धाराका संस्कृतिकर्मीहरू सङ्घर्षमा डट्न आह्वान गरे ।

'राजनीतिक प्रतिगमनका बाँकी २ पेजमा

## क्रान्तिकारी युवा लिगको काठमाडौं जिल्ला भेला सम्पन्न

### *असल तामाङको संयोजकत्वमा २१ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति गठन*



❑ **अनु निरौला**

काठमाडौं । क्रान्तिकारी युवा लिगको काठमाडौं जिल्ला भेला सम्पन्न भएको छ । ललितपुरको कुपण्डोलस्थित पार्टी कार्यालयमा सम्पन्न भएको भेलाले असल तामाङको संयोजकत्वमा २१ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति गठन गरिएको छ ।

क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन 'आकाश'को प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले सम्मेलन आयोजक समितिको संयोजकमा असल तामाङ, सहसंयोजकमा सुरेश तामाङ, सचिवमा शंकर बोहरालाई चयन गरेको छ भने सदस्यहरूमा विकास केसी, सन्तोष भारती, कृति राई, अनित महर्जन, विक्रम अमात्य, मानबहादुर तामाङ, पुनित शाह, गगन घर्तिमगर लगायत रहनु भएको छ । भेलाले केही सदस्य पछि थप गर्ने निर्णय गरेको छ । बाँकी ७ पेजमा

## नेपालमा पहिचानको आन्दोलन र तमुवानको सवाल

***विशेषगरी नेपाल आदिवासी जनजाति महासंघको नेतृत्वपंक्ति जातीय पहिचान र अधिकारलाई मूल मुद्दा बनाएर प्रस्तुत हुन सकेनन् । उनीहरू महासंघसँग आबद्ध भएका र नभएका जातीय संस्थाहरू तथा विभिन्न राजनीतक दलसँग आबद्ध जातीय मोर्चाहरूसँग समन्वय र सहकार्य गरी पहिचानमुखी आन्दोलनको अगुवाइ गर्नेतिर भन्दा आफ्नो व्यक्तिगत र आफू सम्बद्ध राजनीतिक दलको स्वार्थतिर बढी ढल्किए***



● प्रा.डा.ओम गुरूङ ●

*पृष्ठभूमि*

आजको युग जातीय पहिचानको युग हो । आजको युगमा जातीय पहिचान विश्वव्यापी बहसको मुद्दा बनेको छ । पहिचानको निर्माणसम्बन्धी धेरैजसो सैद्धान्तिक र प्राज्ञिक बहस आधुनिक राष्ट्र-राज्य (nation-state) निर्माणको इतिहाससँग जोडिएको पाइन्छ । खासगरी कुनै एक प्रभुत्वशाली जाति वा वर्चस्वशाली भाषाका आधारमा राष्ट्र-राज्यको निर्माणको सीमारेखा कोरिएपछि स्वतन्त्र र स्वायत्त रूपमा जीवनयापन गरिरहेका आदिवासी जनजातिमाथि भएका विभिन्न खाले शोषण, दमन, जाति हत्या-हिंसा, असमान सामाजिक-सांस्कृतिक सम्बन्धका कारण उत्पीडित आदिवासी जनजातिहरू आआफ्नो पहिचान खोज्न वा निर्माण गर्न बाध्य भएका छन् । विशेष गरी जातीय पहिचानको आधारमा विभेद र उत्पीडनमा परेका उत्पीडित समुदायहरूले राज्यका शक्ति र स्रोतमा आफ्नो पहुँच पुऱ्याउन र साझेदारी स्थापित गर्न पहिचानको सवाल जोडतोडले उठाएका छन् । त्यसैले पहिचान उत्पीडित जाति र समुदायको लागि आफ्नो अधिकार स्थापित गर्ने उचित र उपयुक्त अस्त्र बनेको छ । पहिचान केवल पहिचानको लागि मात्र होइन, पहिचान राज्यका सबै अंग र तहहरूमा प्रतिनिधित्व, बाँकी ३ पेजमा

## सम्पादकीय

# न्यायालयमाथि सोझिएका प्रश्न

संसदीय व्यवस्थाको एउटा अंग हो न्यायपालिका । संसदीय व्यवस्था भ्रष्ट, नालायक, निकम्मा, अपारदर्शी र जनविरोधी रहेको कुरा आम जनताले अनुभूत गरेका छन् । न्यायपालिका व्यवस्थापिका र कार्यपालिकाको रोगबाट अछुतो छैन । न्यायपालिकाको न्याय निरुपणका नजिरहरुले पटक पटक साबित गरेका छन्- गरिब निमुखालाई ऐन, धनी, सत्ता र शक्तिमा भएकालाई चैन । ठूल्ठूला भ्रष्टाचारसम्बन्धी प्रकरण तथा संसद विघटनपछि अदालतको न्याय निरुपणको विषयलाई हेर्ने हो भने अदालत पनि सेटिङ र डिजाइनमा चलिरहेको बुझ्न गाह्रो छैन । सिंगो राज्यव्यवस्थाको दलालीकरण, माफियाकरण र बिचौलियाकरण भइरहेको स्थितिमा अदालतको दलालीकरण हुनु अनौठो परिघटना होइन ।

संसद विघटनको विरुद्धमा संसदको पुनर्स्थापनाको माग गर्दै अहिले सर्वोच्चमा परेका १२ वटा मुद्दाको सुनुवाइ भइरहेको छ । आफ्नै विरुद्धमा परेको मुद्दा पनि स्वयम् प्रधानन्यायाधिशले हेरिरहेका छन् । मुद्दा हेर्ने इजलास पनि सेटिङमा गठन गरेको र लाइन लागेर न्यायधिशहरुले प्रधानमन्त्री ओलीलाई भेटेको भन्ने समाचारहरु सार्वजनिक भएका छन् । समाचार सार्वजनिक गर्ने मिडिया र पत्रकारलाई कानुनी कारबाहीको धम्कि समेत अदालतले दिएको छ । अदालतमा विचारधिन मुद्दाको विषयमा चार पूर्व न्यायाधिशहरुले वक्तव्य निकालेका छन् । यसै विषयलाई लिएर प्रधानमन्त्री ओलीले सडकबाट सर्वोच्च अदालतलाई धम्क्याएको, अदालतको हुर्मत लिएको भन्दै दिनदिनै भाषण गर्दै हिंडेका छन् । अर्कोतिर संसदको पुनर्स्थापनाको माग गर्दै सडक प्रदर्शनमा उत्रेकाहरु विचारधिन मुद्दालाई प्रभावित तुल्याउने गरी प्रधानमन्त्रीले भेट गरेको भन्दै तीव्र आलोचना भइरहेको छ । संसद विघटन गरेर संसदको निर्वाचन गर्ने ओली मोर्चाहरु र संसदको पुनर्स्थापना हुनुपर्छ भन्ने अन्य संसदवादीहरुको लडाइँमा यतिखेर अदालत दुवैतिरको तानातानमा परेको छ । अदालतको न्याय प्रक्रिया संविधानसम्मत र स्वतन्त्र तथा निपक्ष्क्ष रुपमा नभएर सेटिङ र डिजाइनबाट प्रभावित हुन पुगेको छ ।

लडाइँको केन्द्र अदालत जस्तो देखिएपनि वैदेशिक शक्तिहरुको स्वार्थबाट संसदीय व्यवस्थाका सबै अंगहरु निर्देशित र परिचालित भइरहेका छन् । पद, पैसा, सत्ता र शक्तिलाई केन्द्रमा राखेर संविधान र कानुनको अपव्याख्या गर्दै फैसलाहरु हुने गरेका धेरै दृष्टान्तहरु छन् । संसद विघटनको मुद्दामा पनि त्यही हुन्छ, जुन कुरा सेटिङ र डिजाइनमा छ । जसको दबाब र प्रभाव बढी हुन्छ, उसैको पक्षमा फैसला हुन्छ । सत्य र न्यायको अपेक्षा संसदीय व्यवस्थाका अड्डा अदालतबाट गर्न सकिन्न ।

जहाँ राजनीतिक भागबन्डाका आधारमा न्यायाधीश नियुक्ति गरिन्छ, कजलिस्ट तोक्दा सेटिङ मिलाइन्छ, चाहेजस्तो फैसला गराउन सकिन्छ भने त्यस्तो अदालतबाट के अपेक्षा गर्न सकिन्छ । अदालत विवादित बनेपछि न्यायप्रति जनआस्था, कानुनी शासन, संविधानको व्याख्या कस्तो हुने ? यस्ता धेरै प्रश्न उठिरहेकै छन् ।

श्रीमती हत्याका आरोपी पुर्व डिआइजी रन्जन कोइरालाको ज्यानमुद्दामा खारेज भएको मुलुकी ऐनको दफा १८८ लगाएर सजाय घटाइएको र सवारी 'हिट एन्ड रन' मुद्दामा धरौटीमा छाडिएको घटना हुन वा एनसेलको कर प्रकरण न्यायाधिश र वकिलहरुले कसरी सेटिङमा काम गर्छन् भन्ने छर्लङ हुन्छ ।

न्यायपालिका विवादमा आउने मुख्य दुई कारण हुन्छन् । एउटा कारण कार्यपालिकातर्फबाट न्यायसम्पादनमा हस्तक्षेप गरेर, अर्को न्यायमूर्तिहरूले 'आचारसंहिता पालना नगरेर' वा 'सक्षमता नभएमा' । निरंकुश व्यवस्थामा 'कार्यकारी' बलियो हुन्छ । कानुन देखाउने दाँत हुन्छ । स्वतन्त्र न्यायपालिकाको अस्तित्व स्वीकार गर्दैन । आफूलाई सरोकार पर्ने विवादमा हरप्रकारको दबाब दिएर नतिजा आफ्नो पक्षमा ल्याउन चाहन्छ ।

न्यायलाई विषाक्त बनाउने वकिल, न्यायधीश, जो सुकैलाई न्याय कै कठघरामा नउभ्याउने हो भने सामाजिक जीवनका मूल्य मान्यता कमजोर हुन पुग्छन् । न्यायका मठाधीशहरुलाई नै भ्रष्टीकरण र अपराधीकरणमा छुट हुँदै जाने हो भने अन्ततः कानूनको धज्जी उड्छ । कानुनी समाजको जग भत्किन पुग्छ । अहिले त्यही भइरहेको छ । अर्थात् अदालतहरु न्यायको प्रतिमूर्ति होइनन्, भ्रष्ट र अपराधको अखडामा परिणत हुन पुगेका छन् । आम श्रमजीवी जनवर्गका लागि संसदीय व्यवस्थाका अदालतहरुले न्याय सम्पादन गर्दैनन्, बरु उनीहरुमाथि बर्षौदेखि शोषण, दमन, उत्पीडन, विभेद लाद्नेहरुकै अन्याय र अत्याचारलाई सदर गरिदिन्छन् । किनकि न्याय पैसामा खरिद बिक्री हुन्छ, उनीहरुसँग किन्ने सामर्थ्य हुँदैन । त्यसैले यो वर्गले अदालतबाट पूर्ण न्याय कहिल्यै पाउन सक्दैनन् । आम शोषित उत्पीडित वर्ग र जनसमुदायले आफ्नो न्यायका निम्ति आफ्नै राजनीतिक व्यवस्था, आफ्नै अदालत र प्रशासनको निर्माण गर्नु अपरिहार्य छ । त्यसका लागि यो कुरुप र घिनलाग्दो संसदीय व्यवस्थाको अग्रगामी विकल्पका निम्ति संघर्षमा लामबद्ध हुनु अनिवार्य छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं।

www.moolbato.com

# राजनीतिक ध्रुवीकरण एक परिचर्चा



● अशोक शर्मा ●

***आज नेपाल तथा विश्वकै राजनीति यी तीन धार विचको भीषण द्वन्द-संघर्षको बिचवाट अगाडि बढिरहेको छ । यथास्थितिवादीहरूको हातमा रहेको सत्ता कस्ले जित्ने भन्ने होडमा प्रतिगमनकारी र अग्रगामी परिवर्तनकारी विच चल्ने संघर्षमा अग्रगामी परिवर्तनको मुख्य बाधक शक्तिको रूपमा यथास्थितिवादी शक्ति अगाडि आउछ । सत्ता र शक्तिको आड्मा परिवर्तनको लडाइँको मुख्य वाधक शक्ति यथास्थितिवादसंगको निर्णायक विजय पश्चात् नै अग्रगमनको राजनीतिक प्रक्रियामा अगाडि बढ्न सहज हुने गर्दछ***

यतिबेला नेपालको राजनीति तीव्र ध्रुवीकरणको प्रक्रियावाट अगाडि बढिरहेको छ । खासगरी संसदीय व्यवस्थाभित्र पैदा भएको संकट संगसंगै प्रधानमन्त्री खड्ग प्रसाद ओलीले संसदीय व्यवस्था विघटन गरेपछि यस्को तिव्रता झन धेरै वढेको छ । वर्तमान तरल राजनीतिक अवस्थामा पैदा भएको यसप्रकारको ध्रुविकरणले अव मुलुक कतातिर जाने हो ? भन्ने कुराको यत्र तत्र सर्वत्र चर्चा र परिचर्चा हुने गरेको पाइन्छ । ओलीको पछिल्लो प्रतिगामी कदम पश्चात् अब मुलुक कतातिर जाला र आगामी दिनमा हाम्रा कार्यभारहरूलाई हामीले नेपाली समाजको विशिष्टतामा कसरी अगाडि बढाउनु पर्ला ? भन्ने वारेमा संक्षिप्त चर्चा गर्नु जरुरी देखिन्छ ।

यतिबेला मुलतः नेपालको राजनीति तीन ध्रुवमा ध्रुविकृत भएको देख्न सकिन्छ । पहिलो, प्रतिगामी राजनीतिक ध्रुव दोस्रो, यथास्थितिवादी राजनीतिक ध्रुव र तेस्रो, अग्रगामी राजनीतिक ध्रुव । फरक फरक राजनीति दर्शन र आदर्श सहितका निम्न तीन ध्रुवमा अवको राजनीति संकेन्द्रित हुने स्थिति देखिएको छ :

१. प्रतिगामी राजनीतिक ध्रुव -सामान्य अर्थमा हेर्दा यो राजावादीहरूको राजनीतिक लाइन हो र यसको केन्द्र भागमा पुर्वराजा ज्ञानेन्द्र शाह रहेका छन । यो सबैखाले परिवर्तन विरोधी परम्परागत सामन्ती उत्पादन प्रणालीको अर्थराजनीतिक जगभित्रवाट सत्तासीन हुने र शासन सत्ता हातमा लिन चहाने पुनर्उत्थानवादी राजनीतिक आदर्श र दर्शनवाट अभिप्रेरित विचारधारात्मक राजनीतिक लाइन वा ध्रुव हो । यसको पक्षमा अहिले दुनियाभरिका नानाथरीका देशीविदेशी प्रतिक्रियावादी शक्तिहरू सहयोगीको भुमिकामा लागेका छन । खासगरीकन हिन्दुधर्मको अवरणमा भारतीय विस्तारवादी सत्ता राष्ट्रघाती एमसीसी परियोजना लागू गर्ने इन्डो-अमेरिकन योजना अनुसार अमेरिकी साम्राज्यवाद लगायतका विदेशी प्रतिक्रियावादी तत्वहरू र उनीहरूका बफादार नेपाली दलालहरू यस दृष्टिकोणको पक्षमा ध्रुवीकरण हुँदै गइरहेका छन । यसप्रकारको राजनीतिको सबैभन्दा भरपर्दा शक्तिहरू भनेका पुर्वपन्चहरू नै हुन । व्यक्तिगत हिसावले भन्नुपर्दा यो राजनीतिको वैचारिक र संगठनात्मक नेतृत्व कमल थापाहरूले गरिरहेका छन । दशवर्षको महान जनयुद्ध र १९ दिने ऐतिहासिक जनआन्दोलनवाट प्राप्त गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता तथा समावेशी समानुपातिक प्रतिनिधित्व लगायतका सीमित राजनीतिक अधिकारहरू समाप्त गर्ने उनीहरूको योजनामा अहिले यथास्थितिवादी राजनीतिमा देखापरेको संकटले काफि मात्रामा सहयोग पुर्याईरहेको छ । प्रकारन्तरले विस्तारै यो ध्रुवमा गणतन्त्र र संघियताका विरोधी धर्मनिरपेक्षता र समानुपातिक समावेशी प्रतिनिधित्वका विरोधिहरू पुर्वपन्च र राजावादी मण्डलेहरू सहित काङ्ग्रेसभित्रका परिवर्तनविरोधि तथा नेकपा भित्रको केपी ओली गुट समेत सामेल हुने स्थिति देखिदै जान थालेका संकेतहरू देखापर्न थालेका छन । प्रकारान्तरमा घोर प्रतिगामी दलाल राष्ट्रघाती जनघाती र परिवर्तन विरोधि तप्का यस ध्रुवमा ध्रुवीकरण हुनेछन र परिवर्तनविरोधि गतिविधिमा केन्द्रित हुनेछन । जनताको आन्दोलनवाट इतिहासको गर्भमा पराजित नीरस यो राजनीतिक धार निभ्न लागेको बत्ती जस्तै हो । अग्रगामी परिवर्तनको संघर्षको प्रक्रियामा यसप्रकारका प्रतिगमनका अवशेषहरू आफै समाप्त भएर जानेछन ।

२.यथास्थितिवादी राजनीतिक ध्रुव- यो सबैभन्दा धेरै अस्थिर तर सत्तासिन राजनीतिक ध्रुव हो । सदैब सत्ताको बागडोर यथास्थितिवादी शक्तिहरूको हातमा रहेको हुन्छ । एक समयमा अग्रगामी राजनीतिमा रहेका शक्तिहरू सत्तसिन भएपछि तुरुन्तै यथास्थितिवादी शक्तिमा वदलिन पुग्छन भने त्यो धरातलमा आएको अन्तर्विरोध र संकट संगसंगै उनीहरूको अस्थिर राजनीतिक धरातल खल्वलिन पुग्छ । जसको परिणामस्वरूप एकथरी मान्छेहरू प्रतिगामी कित्तामा सामेल हुन पुग्छन भने अर्काथरी अग्रगामी राजनीतिक आन्दोनमा सहभागी हुन्छन । रूपमा हेर्दा संख्यात्मक हिसावले यथास्थितिवादी शक्ति सबैभन्दा शक्तिशाली जस्ता देखिएपनि अन्तरवस्तुका दृष्टिकोणले उनीहरू पत्तै नपाई सबैभन्दा कमजोर भइरहेका हुन्छन । यतिवेला यथास्थितिवादी राजनीतिको नेतृत्व नवउदारवादी अर्थराजनीतिको जगमा खडाभएका परम्परागत संसदवादी शक्तिहरूले गरिरहेका छन । उनीहरू प्रतिगमनकारी नभएपनि अग्रगामी राजनीतिक परिवर्तनका पक्षधर होइनन र हुन पनि सक्दैनन् । यथास्थितिवादी राजनीति पोखरीमा जमेको पानी जस्तै हो । बाहिरवाट सतही ढंगले हेर्दा पोखरीमा पानी धेरै जस्तो देखिए पनि खास अर्थमा त्यसमा कुनै बहाव शक्ति र उर्जा हुदैन । सत्ताको आड र ओतमा जीवन धानेको यथास्थितिवाद सत्ताविहीन हुने बित्तिकै बगरमा फ्याकिएको माछो सरह वन्छ र अवसरको खोजिमा दायाँबायाँ लागिहाल्छ । यसप्रकारको कमजोर धरातल बोकेको यथास्थितिवादी शक्ति सदैव अग्रगमनको विपक्षमा खडा हुने गर्दछ । अग्रगामी शक्तिहरूमाथि दमन गर्नु, प्रतिबन्ध थोपार्नु र सत्ता र शक्तिको आडमा आमुल परिवर्तनको विपक्षमा उभिनु उनीहरूको मुलभुत चरित्र हुन्छ । सत्तसिन वर्ग हुनुको नाताले जनविरोधी राष्ट्रघाती कार्य गर्दै जाने क्रममा पोखरीमा जमेको पनिमा समयक्रमसंगै दुर्गन्ध थपिएजस्तै यथास्थितिवादी शक्तिहरू पनि क्रमशः विवादित, आलोचित र वदनामित हुँदै जाने क्रममा उठेका विरोध आन्दोलन र संघर्षका अनगिन्ती धक्का र प्रतिधक्का खादै जाने प्रकियासंगै अग्रगामी शक्तिहरूमाथि वदला लिन उनीहरू अन्तिम अवस्थामा प्रतिगामीहरूसंग सहकार्य गर्ने ठाउमा पुग्ने गर्दछन र आन्दोलनमाथि दमन र हिंसा थोपर्न पुग्दछन भने केही अग्रगामीहरूको कित्तामा सहभागी हुन पुग्छन । यस स्थितिमा यथास्थितिवादको अस्तित्व संकटमा आउछ र अग्रगामी र प्रतिगामीहरू विचको संघर्ष आम्नेसाम्ने हुनपुग्दछ । संघर्षको प्रक्रियामा अग्रगामी शक्तिहरूको हातवाट यथास्थितिवादी शक्तिको अन्त्य भएसंगै प्रतिगामी र अग्रगामी शक्ति विचको लडाइँमा प्रतिगामीहरूलाई पराजित गरेर राजनीतिलाई अग्रगामी परिवर्तनको दिशा प्रदान गर्न सहज हुन्छ । यस्का लागि अग्रगामी परिवर्तनकारी शक्तिहरूले सत्तासीन वर्ग र अग्रगमनको मुख्य वाधक शक्तिको रूपमा खडाभएको यथास्थितिवादी शक्तिसंग निर्णायक लडाइँ लड्न जरुरी हुन्छ । अहिलेको आवश्यकता पनि यहि हो । आज सैद्धान्तिक तथा दार्शनिक रूपमा लोकतान्त्रिक गणतन्त्रका पक्षधर संसदवादी राजनीतिक शक्तिहरूले नै यथास्थितिवादी ध्रुवको राजनीतिक प्रतिनिधित्व गर्दछन । बिचारधारात्मक हिसावले यो राजनीतिको नेतृत्व डा.बाबुराम भट्टराईले गरेपनि यस धारामा प्रचण्ड-माधव नेतृत्वको नेकपा काङ्ग्रेस भित्रको एउटापक्षले समेत यो ध्रुवको प्रतिनिधित्व गर्दछन । तर अग्रगामी संघर्षद्वारा उनीहरूको सत्ता विरुद्ध हुने संघर्षवाट पैदाहुने उनीहरूविचको अन्तरविरोधले उनीहरूभित्र स्वभाविक रूपमा कित्ता काट गरिदिन्छ । कायरहरू प्रतिगामी कित्तामा जान्छन भने इमानदारहरू अग्रगामी कित्तमा सामेल हुन पुग्छन । नयाँ जनवादी क्रान्तिको मुल उदेश्य भनेको संघर्षद्वारा यो कित्ताभित्र अन्तरविरोध पैदा गराएर यसलाई ध्वस्त पार्ने र अन्तरविरोधभित्रको प्रगतिशील पक्षलाई संघर्षमा ध्रुविकृत गरेर अगाडि बढ्नु पर्छ भन्ने नै हो । यो कुशलतालाई कमरेड माओ अन्तरविरोधको सहि सन्चालन वताउनु हुन्छ । अहिलेको हाम्रो राजनीतिको मुल विषयवस्तु पनि यहीँ नेर छ । एकातिर यतिवेला केपी ओलीको प्रतिगमनको विरुद्धमा संघर्ष गर्नु पर्ने अवश्यकता छ भने अर्कातिर प्रतिगमनको विकल्प संसद पुनःस्थापना वा यथास्थितिवाद नभएर अग्रगामी राजनीति संघीय जनगणतन्त्र हो भन्ने मान्यतालाई स्थापित गर्न जरुरी छ । त्यो सबैकुराको फैसला संघर्ष आन्दोलन र विद्रोहले मात्र गर्न सक्दछ । समग्रतामा यथास्थितिवादलाई पराजित नगरेसम्म न प्रतिगामी संग लड्न सकिन्छ न अग्रगामी परिवर्तनको सुनिश्चितता कायम नै गर्न सकिन्छ । यसतर्फ सम्पूर्ण क्रान्तिकारी तथा परिवर्तन पक्षधर शक्तिको ध्यान यतातिर जान जरुरी छ ।

३. अग्रगामी राजनीति ध्रुव- रूपमा जुनसुकै अवस्था देखिएपनि अन्तरवस्तुका हिसावले यो सबैभन्दा गतिशिल,वैज्ञानिक र शक्तिशाली ध्रुव हो । यसले समाजमा देखिने तमामखाले विकृति विसंगति विरुद्ध संघर्ष गर्छ । समाजमा देखिने राष्ट्रियता जनतन्त्र र जनजिविका लगायतका सबै समस्याहरूको समाधान पछाडि फर्केर वा यथास्थितिमा अल्झेर होइन अगाडि वढेर वा परिवर्तनको माध्यमवाट मात्र सम्भव छ भन्ने मान्यता राख्दछ । वर्तमान अवस्थामा ओलीको प्रतिगमनको विकल्प यथास्थितिवाद वा संसद पुनःस्थापना होइन नयाँ जनवादी क्रान्ति मार्फत स्थापना हुने जनताको जनवादी व्यवस्था मात्र हो भन्ने धारणामा यो ध्रुव प्रतिबद्ध हुँदै आईरहेको छ । उत्पादनका लागि संघर्ष, वर्गसंघर्ष र वैज्ञानिक प्रयोग सम्वन्धि मालेमावादको मार्गनिर्देशनमा निरन्तर क्रान्तिको सिद्धान्त अनुसार सबै समस्याको समाधान खोज्ने राजनीतिक लाइनको यो ध्रुवले प्रतिनिधित्व गर्दै आइरहेको छ । आज कमरेड किरणको नेतृत्वमा नेकपा (क्रान्तिकारी माओवादी)ले यसको राजनीतिक तथा बैचारिक धारको प्रतिनिधित्व गर्दै आइरहेको छ भने राष्ट्रियता जनतन्त्र र जनजीविकाका आधारभुत सवालहरूमा विभिन्न परिवर्तनकारी, प्रगतिशील र देशभक्त शक्तिहरूको लगातार यस ध्रुवमा ध्रुवीकरण प्रक्रिया वाट एकल वा संयुक्त आन्दोलन हुँदै गइरहेको छ । यसको निरन्तर तथा सचेत राजनीतिक पहलकदमी सहित अग्रगामी राजनीतिक परिवर्तनको लागि अगाडि वढ्दै यो आन्दोलनलाई निर्णायक वनाउनु पर्ने आवश्यकता अझ धेरै बढ्दै गइरहेको छ । निसंदेह यो उदेश्य पूरा गर्नको लागि संघर्ष, आन्दोलन, विद्रोह र प्रतिरोध सहिद वलिदानको भीषण वर्गसंघर्षको वीचवाट अगाडि वढ्नुको कुनै विकल्प छैन । निष्कर्षः समग्ररूपमा हेर्दा आज नेपाल तथा विश्वकै राजनीति यी तीन धार विचको भीषण द्वन्द-संघर्षको बिचवाट अगाडि बढिरहेको छ । यथास्थितिवादीहरूको हातमा रहेको सत्ता कस्ले जित्ने भन्ने होडमा प्रतिगमनकारी र अग्रगामी परिवर्तनकारी विच चल्ने संघर्षमा अग्रगामी परिवर्तनको मुख्य बाधक शक्तिको रूपमा यथास्थितिवादी शक्ति अगाडि आउछ । सत्ता र शक्तिको आड्मा परिवर्तनको लडाइँको मुख्य वाधक शक्ति यथास्थितिवादसंगको निर्णायक विजय पश्चात् नै अग्रगमनको राजनीतिक प्रक्रियामा अगाडि बढ्न सहज हुने गर्दछ । किन कि राजनीतिक सत्ताको हिसावले प्रतिगमन पराजित शक्ति हो भने यथास्थितिवादीहरू सत्तासिन शक्ति हुन । वर्तमान अवस्थमा भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादद्वारा पालित पोषित सामन्तवाद, दलाल पूँजीवाद र नोकरशाही पूजीवादसंगको नेपाली समाजको प्रधान अन्तर्विरोध रहेको छ । आज यसको नेतृत्व संसदीय व्यवस्थाका पक्षधर शक्तिहरूले गरिरहेका छन । लडाइँको हाम्रो मुख्य केन्द्रबिन्दु पनि यहि हो । किन कि कम्युनिस्ट आन्दालन केन्द्रीय सत्ताको विरुद्धको बिद्रोहको सवाल हो । यस सैद्धान्तिक मान्यताभन्दा फरक ढंगले सोच्ने आन्दोलनले आजको संधर्भमा सहि निष्कर्ष दिदैन । यसप्रति क्रान्तिकारीहरू बेलैमा सचेत हुन जरुरी छ ।

*२०७७ पौष २१ गते*

## ससदीय...

विरुद्ध अग्रगमनका पक्षमा प्रतिरोध सांस्कृतिक अभियान' भन्ने नाराका साथ मार्क्सवादी सांस्कृतिक मोर्चा सडकमा आएको हो । जनवादी तथा वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गर्ने राजनीतिक उद्देश्य बोकेका समाजवादी यथार्थवाद तथा सर्वहारा सांस्कृतिक क्रान्तिलाई प्रस्थान विन्दू मान्ने संस्कृतिकर्मीहरूको नयाँ मोर्चा सङ्गठन स्थापना गरेसँगै पहिलोपटक सडक अभियानमा आएको हो ।

प्रधानमन्त्री केपी ओलीले प्रतिनिधि सभा भङ्ग गरी मध्यावधी निर्वाचनको घोषणा गरेपछि कवि, कलाकार र नागरिक समाज प्रतिगमनका विरुद्धमा सङ्घर्षमा छन् । यही सन्दर्भमा भर्खरै गठन भएको 'मार्क्सवादी सांस्कृतिक मोर्चा' पनि आफ्ना घोषित लक्ष्य र उद्देश्य सहित सडकमा निस्किएको छ ।

आज माइतिघरमा भएको कार्यक्रमका एक मात्र वक्ता वरिष्ठ सौन्दर्य चिन्तक निनु चापागाईंले बोल्दै 'संघीयता विरोधी, समानुपातिक प्रतिनिधित्व र गणतन्त्र विरोधी देशी विदेशी शक्तिहरूको साँठगाठको परणिाम आजको प्रतिगमन भएको' बताए । उनले अगाडि थपे, 'यो धेरै गम्भीर विषय हो । जबसम्म शासकहरूको बिचमा साँठगाठ हुने, देशी विदेशी शक्तिहरूले देशलाई शोषण गर्ने र साशन गर्ने षड्यन्त्र गरिरहन्छ त्यतिखेरसम्म हामीले यी कुराहरू बारम्बार भोग्नुपर्ने स्थिति हुनसक्छ । त्यसकारण पनि हामी बहुमतले अल्पमतमाथि शासन गर्ने दिनहरू ल्याउन, जनगन्त्रणका दिनहरू ल्याउन सङ्घर्षमा जान, अग्रगमनका पक्षमा रहन आवश्यक छ ।'

विरोध कार्यक्रममा विमल निभा, भुपाल राई, जगदीशचन्द्र भण्डारी, विष्णु भण्डारी, शकुन्तला जोशी, बलराम तिमिल्सिना, मित्रलाल पंज्ञानी, वसन्त वोगटी, कृष्णहरि भट्ट, महावीर विश्वकर्मा, राजु स्याङ्तान, गौरी दाहाल, सुनिता बुढाथोकी लगायतले प्रतिगमनका विरुद्ध कविता वाचन गरेका थिए ।

केही दिन पहिले सङ्घीय जनगणतन्त्र तथा वैज्ञानिक समाजवादी क्रान्तिको अपरिहार्यतालाई आत्मसात् गर्दै समाजवादी यथार्थवाद र सांस्कृतिक क्रान्ति पक्षधर संस्कृतिकर्मीको साझा मञ्च 'मार्क्सवादी सांस्कृतिक मोर्चा, नेपाल' निर्माण गरिएको वक्तव्य सार्वजनिक भएको थियो । त्यही अभियानको उद्घाटनका रूपमा आज सडकमा ओर्लिएर संस्कृतिकर्मी एवम् कवि कलाकारहरूले वर्तमान सत्ता व्यवस्थाको भण्डाफोर गर्दै अग्रगमनको उद्घोष गरेका हुन् ।

आन्दोलनको औचित्य बारेमा सोधिएको प्रश्नको जवाफ दिँदै नवगठित मोर्चाका संयोजक इस्मालीले भने 'हामी संसद पुनर्स्थापना वा कथित चुनावका लागि सडकमा आएका होइनौ ।' उनले अगाडि थपे, 'हामी प्रतिगमनको विरोधका लागि मात्र सडकमा निस्किएको पनि हैन । सङ्घीय जनगणतन्त्र र वैज्ञानिक समाजवादी व्यवस्थाको पक्षमा अब फेरि अर्को निर्णायक क्रान्ति गर्नु पर्छ भनेर सडकमा निस्किएका हौं ।'

संयोजक इस्मालीको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रमको सञ्चालन सोही मोर्चाका संस्थापक सदस्य कवि विष्णु भण्डारीले गरेका थिए । सो अवसरमा संयोजक इस्मालीले मोर्चाको प्रेश वक्तव्य वाचन गरेका थिए ।

प्रेश वक्तव्यमा नेपाली समाजको आजको अन्तर्विरोध तथा नेपाली जनताले भोगिरहेका आजका समस्याको समाधान यस व्यवस्थाबाट हुन सक्दैन भनिएको छ । वक्तव्यमा अगाडि भनिएको छ, 'वर्तमान फासीवादी चरित्रको पुँजीवादी संसदीय व्यवस्थाको विकल्पका रूपमा सङ्घीय जनगणतन्त्र र वैज्ञानिक समाजवादी व्यवस्थाको निर्माणबाट मात्र यो सम्भव छ ।'

मोर्चाले राजनीतिक प्रतिगमनको विरोध गर्दै संसदीय व्यवस्थाको विकल्पमा जनवादी तथा वैज्ञानिक समाजवादी व्यवस्थाको यात्रामा मोर्चावद्ध हुन प्रगतिशील, लोकतान्त्रिक र अग्रगमनका पक्षधर संस्कृतिकर्मीहरूलाई एकतवद्ध हुन आह्वान समेत गरेको छ ।

# नेपालमा...

सामाजिक समावेशी,, स्रोत/साधन, सेवा सुविधामा सहज पहुँच, भाषा संस्कृतिको विकास र संरक्षण संबर्द्धन, सामाजिक समानता र आत्मसम्मानका लागि हो । पहिचान आदिवासी जनजातिको साझा भूमि, साझा इतिहास, साझा भाषा, साझासंस्कृति र साझा मनोविज्ञानसँग जोडिएको हुन्छ । पहिचान चाहे शास्वत होस् वा निर्मित, त्यो सामाजिक यथार्थ हो । त्यसबाट मानिस अलग र मुक्त हुन चाहन्नन् ।

नेपालमा पहिचान अपहरणको इतिहास

नेपालमा जातीय पहिचान इतिहासको उपज हो । राज्यसँगको असमान सामाजिक सम्बन्ध, राज्यद्वारा गरिएको जातीय विभेद, राजनीतिक उत्पीडन, आर्थिक शोषण आदिका कारण सामाजिक वञ्चितीकरणमा पारिएका आदिवासी जनजातिहरूले आफ्नो जातीय पहिचान खोजिरहेका छन् । यसको सुरुवात नेपाल राज्यको भौगोलिक एकीकरणसँगै भयो । राज्यको भौगोलिक एकीकरणअघि नेपालका विभिन्न जाति समुदायले स्वतन्त्र र स्वायत्त जीवनयापन गरिरहेका थिए । अठारौं शताब्दीको मध्यतिर गोर्खाका राजा पृथ्वीनारायण शाहले नेपालको भौगोलिक एकीकरण गरेपछि यहाँका आदिवासी जनजातिहरूका जातीय पहिचानसँगै स्वतन्त्रता र स्वायत्तता धरापमा परे । यसै क्रममा नेपाल राज्यको भौगोलिक एकीकरणसँगै सांस्कृतिक एकीकरणको रूपमा हिन्दूकरणको प्रक्रियालाई अगाडि बढाइयो । यस प्रक्रियाअन्तर्गत विभिन्न जाति जनजातिलाई हिन्दू धर्म, संस्कृति, चाडपर्व, मूल्यमान्यता र सामाजिक चालचलन अँगाल्न लगाइयो । आफ्नो राजनीतिक शक्तिलाई मजबुत बनाउन तथा विविध जातजातिलाई एकीकरण गर्न हिन्दू जातिको समुदायले बोल्ने खस नेपाली भाषालाई सबै जाति/जनजातिको साझा भाषाको रूपमा बोल्न लगाइयो भने गाईलाई हिन्दू धर्मको प्रतीकको रूपमा संरक्षण गर्न लगाइयो । गाई मार्न नपाइने र गाई मार्नेलाई ज्यान सजाय दिने शाही आदेश शाह राजाहरूले देशव्यापी रूपमा जारी गरे । खस नेपाली भाषा बोल्नुपर्ने र गाईलाई मार्न नपाइने राज्यव्यवस्था विभिन्न आदिवासी जनजातिलाई हिन्दूकरणको प्रक्रियाद्वारा नेपालको राजनीतिक एकीकरणमा समाहित गर्ने उद्देश्य पूरा गर्ने माध्यम थियो । यस्तो राज्यव्यवस्थाका कारण आदिवासी जनजातिहरूले आफ्नो भाषिक, सांस्कृतिक तथा धार्मिक अधिकार गुमाउन थाले । शाह राजाहरूको यस्तो नीतिविरुद्ध सन् १७९३ मा नुवाकोटका तामाङहरूले विद्रोह गरेका थिए ।

सन् १८४६ को कोतपर्वपछि शक्तिमा आएका राणा शासकहरूले पनि आफ्नो शासन् अवधिभर हिन्दू धर्म-सस्कृतिलाई आफ्नो शासन् व्यवस्था मजबुत बनाउने र दिगो राख्ने सबैभन्दा बलियो हतियारको रूपमा प्रयोग गरे । यसका लागि जङ्गबहादुर राणाले बेलायत यात्रापछि सन् १८५४ मा मुलुकी ऐन जारी गरे । मुलुकी ऐन कुनै नयाँ कानुनको सङ्ग्रह नभई हिन्दू धर्म-संस्कृतिमा आधारित सामाजिक सांस्कृतिक चालचलन र मूल्यमान्यताको सङ्कलन मात्र हो । यो ऐनले नेपाली समाजमा शाह राजाहरूले सुरु गरेका जातीय संरचनालाई कानुनी मान्यता प्रदान गऱ्यो । त्यस्तै, हिन्दू वर्ण व्यवस्थाअन्तर्गत नपर्ने नेपालका आदिवासी जनजातिलाई पनि मासिन्या र नमासिन्या मतवालीको संज्ञा दिँदै ती मतवाली समुदायलाई जातीय संरचनाको तेस्रो तहमा समावेश गऱ्यो । त्यस्तै, मुलुकी ऐनले जातजाति अनुसारको कार्य विभाजन र दण्ड सजायको व्यवस्था पनि गऱ्यो । मुलुकी ऐनमा एउटै प्रकृतिका अपराध गर्ने व्यक्तिहरूलाई अपराधको प्रकृति अनुसार दण्ड सजाय नगरीकन जातको आधारमा दण्ड सजाय गरिने व्यवस्था गरियो । उक्त ऐनले गाई मार्न नपाइने व्यवस्थालाई कानुनी मान्यता प्रदान गऱ्यो । यस्तो कानुनी व्यवस्थाबाट गाईको मासु खाने तामाङ, शेर्पा, भोटे, मगरलगायत कतिपय आदिवासी जनजाति र मुस्लिम समुदायको परम्परागत अधिकार र सांस्कृतिक चालचलन समाप्त भएर गयो । जङ्गबहादुर राणाले यस्तो ऐन जारी गर्नुको मुख्य राजनीतिक उद्देश्य राज्यले निर्माण गरेका जातीय संरचना र कानुनी व्यवस्थामा एकरूपता ल्याउनु र सो व्यवस्था नेपालका विभिन्न भागमा बसोबास गर्ने आदिवासी जनजातिलाई आफ्नो सामाजिक सांस्कृतिक हिसाबले पनि राज्यको नियन्त्रणमा ल्याउनु थियो ।

एकल पहिचानमा सम्मिलीकरण

सन् १९३२ मा राणा शासकहरूले गोर्खाली भाषा वा खस नेपाली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा अनिवार्य गराइदिएपछि आदिवासी जनजातिहरूको भााषिक अधिकार पनि हनन भयो । उनीहरूको स्वेच्छाचारी शासन् र भाषिक थिचोमिचोविरुद्ध आदिवासी जनजातिहरूले पटक-पटक विद्रोह गरे । सन् १८७६ को लखन थापाको विद्रोह, सन् १८७७ को सुकदेव गुरुङको विद्रोह तथा सन् १९२४ मा काठमाण्डौका नेवारहरूले गरेको भाषिक विद्रोह राणा शासनविरुद्ध गरिएका विद्रोहका केही उदाहरण हुन् ।

राणाकालमा झैं पञ्चायतकालमा पनि सबै आदिवासी जनजातिलाई हिन्दू धर्म-सस्कृतिको संरचनागत छाताभित्र ल्याउने काम भयो । राणा शासनकालको अन्तपछि पञ्चायतकालमा राष्ट्रियता र राष्ट्रवादको नयाँ परियोजना सुरु भयो । यो नयाँ परियोजनाको मुख्य उद्देश्य पनि आदिवासी जनजातिहरूलाई साझा संस्कृतिको आवरणमा हिन्दू संस्कृति धारण गर्न लगाएर एउटा राष्ट्रको रूपमा नेपाली समाजको विकास गर्ने नै रह्यो । यसको लागि पञ्चायती सरकारले सम्मिलीकरणको नीति अँगीकार गऱ्यो र एकरूपीय समाजको विकासमा जोड दियो । देशको राष्ट्रिय पहिचान स्थापित गर्न, समाजको विकास र आधुनिकीकरण गर्न नेपाली समाजमा विद्यमान समाजिक र सांस्कृतिक विविधतालाई भन्दा एकरूपताका नारालाई जबर्जस्ती अगाडि सारियो । त्यसको लागि एउटा जाति, एउटा भाषा र एउटा धर्म-सस्कृतिको एकल नीति अगाडि सारियो ।

यसै क्रममा मुलुकलाई संसारमै नमुनाको रूपमा प्रस्तुत गर्ने बहानामा विविध धर्मावलम्बीको देश नेपाललाई संविधानद्वारा हिन्दू अधिराज्यको रूपमा स्थापित गराइयो । नेपालका विविधता र बहुलतालाई दबाएर नेपाली समाजमा समानता र एकता रहेको मिथ्या दाबी गरियो । सरकारी सञ्चार माध्यमद्वारा नेपालको सांस्कृतिक एकता नै नेपालको विकासको अपरिहार्यता हो भन्ने गलत विचारको प्रचार-प्रसार गरियो । आफ्नो जातीय पहिचान खोज्ने र विविधताको वकालत गर्ने व्यक्तिहरूलाई राजनीतिक विद्रोहीको रूपमा दण्डित गरियो । जातीय पहिचानको आधारमा बन्ने कुनै पनि जातीय सङ्घ-संस्थाहरूको विकासलाई निरुत्साहित गरियो । पञ्चायत सरकारको यस्तो साम्प्रदायिक नीतिका कारण आफ्नो भाषा संस्कृतिको संरक्षण गर्ने उद्देश्यले पञ्चायतकालभन्दा अघि नै जन्मिसकेका थारु कल्याणकारी सङ्घ (सन् १९५१), गुरुङ कल्याण सङ्घ (सन् १९५४) र नेपाल तामाङ समिति (सन् १९५६) जस्ता जातीय संस्थाले पनि जातीय सवालमा प्रभावकारी भूमिका निर्वाह गर्न सकेनन् भने अन्य जातिका सङ्घसंस्था जन्मन समेत सकेनन् ।

जनमत सङ्ग्रहपछि प्रतिरोध

सन् १९७९–८० मा सम्पन्न जनमत सङ्ग्रहपछि नेपालमा जातीय पहिचानको अभियान सुरु हुन थाल्यो । फलस्वरूप काठमाण्डौमा नेवारहरूले नेपालभाषा मंकाः खलःको अगुवाइमा 'नेपाल संवत्‌लाई राष्ट्रिय मान्यता दिलाउन नयाँ वर्षको शुभकामना दिन 'भिन्तुना' अभियान सुरु गरे । जनमत सङ्ग्रहको बेला बखानसिंह गुरुङ, खगेन्द्रजङ्ग गुरुङ, पद्मसुन्दर लावती र एम.एस. थापा मगर जस्ता जनजाति नेताहरूले मङ्गोल सङ्घ नामको साझा मोर्चा खोली जातीय पहिचानको आधारमा सङ्घीय राज्यको माग अगाडि सारे । तर जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायत नाम दिइएको निर्दलीय व्यवस्थाले जितेपछि जनजाति आन्दोलन फस्टाउन सकेन ।

जनमत सङ्ग्रहपछि सबै जातजातिका भाषा संस्कृतिको संरक्षण गर्ने तथा जातीय अधिकार प्राप्त गर्ने उद्देश्यले सीताराम तामाङको अध्यक्षतामा सर्वजातीय अधिकार मञ्च, गोपाल गुरुङको अध्यक्षतामा मङ्गोल राष्ट्रिय सङ्घ, एम.एस. थापा मगरको अध्यक्षतामा राष्ट्रिय जनमुक्ति पार्टी, गोपाल खम्बुको अध्यक्षतामा खम्बुवान मुक्ति मोर्चा र परि थापाको अध्यक्षतामा तत्कालिन नेकपा (मसाल) को जातीय मोर्चा अखिल नेपाल जनजाति सम्मेलन जस्ता जातीय पहिचान बोकेका राजनीतिक सङ्गठन तथा मोर्चाहरू स्थापना भए ।२ नेपालभाषा मंकाः खलः, लाङघाली, तमुधीं नेपाल, तामाङ घेदुङ, थकाली सेवा समिति, किराँत राई यायोख्खा, किराँत याक्थुङ, चुम्लुङ, सुनुवार सेवा समिति, शेर्पा सङ्घ जस्ता जातीय संस्था पनि जनमत सङ्ग्रहपछि नै स्थापना भए । ती संस्थाले आ–आफ्ना जातीय भाषा, संस्कृति, धर्म संस्कारको संरक्षण र संबर्द्धनका लागि सङ्घर्ष गर्न सुरु गरे ।

पहिचान पुनर्स्थापनको आन्दोलन

सन् १९९० मा बहुदलीय प्रजातन्त्रको उदय भएपछि नेपाली जनताले सीमित रूपमा भए पनि लोकतान्त्रिक हक अधिकार प्राप्त गरे । देशमा बहुदलीय प्रजातन्त्र स्थापना भएपछि पहिलेको तुलनामा अलि फराकिलो र उदार राजनीतिक वातावरण सिर्जना भएकोले आदिवासी जनजातिहरू पनि आफ्ना जातीय हक अधिकारको लागि उत्साहित हुन थाले । सन् १९९१ को नेपालको संविधानले सर्वप्रथम नेपाललाई बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक देशको रूपमा अँगीकार गरेकोले आदिवासी जनजातिहरूले आफ्ना भाषा, संस्कृति तथा धर्म संस्कारको विकास तथा संरक्षण संबर्द्धन गर्ने उद्देश्यले दर्जनौं जातीय सङ्घ-संस्था स्थापना गरे । ती एकल जातीय सङ्घ-संस्थालाई समन्वय र समायोजन गरी जनजातिका सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक हक अधिकारमुखी आन्दोलनको सामूहिक नेतृत्व प्रदान गर्न सन् १९९१ मा नेपाल आदिवासी जनजाति महासङ्घको स्थापना भयो । सन् १९९१ मा आठ वटा जातीय संस्था (गुरुङ, मगर, नेवार, राई, लिम्बू, तामाङ, थकाली, सुनुवार) बाट सुरु भएको नेपाल आदिवासी जनजाति महसङ्घको पहिलो दश वर्षसम्मको आन्दोलन जनजातिको जातीय पहिचान स्थापित गराउने मुद्दामा केन्द्रित रह्यो । त्यसै क्रममा महासङ्घले जनजातिका भाषा, संस्कृति, धर्म, कला-कौशल, भेष-भुषा तथा परम्परागत ज्ञान र सीपसम्बन्धी चेतनामुखी अभियान सुरु गऱ्यो ।

त्यति बेलासम्म नेपालमा आदिवासी जनजातिको पहिचान सम्बन्धी अवधारणा स्पष्ट भइसकेको थिएन । त्यसैले नेपालको सन्दर्भमा जनजातिको प्रस्ट पहिचान गर्ने आधार के के हुने भन्नेबारे जनजाति नेता तथा बुद्धिजीवीहरूबीच बहस सुरु भयो । त्यसै बेला संयुक्त राष्ट्रसङ्घले सन् १९९३ लाई विश्व आदिवासी वर्ष घोषणा गरेकोले नेपालमा सुरु भएको जनजाति पहिचानको मुद्दाले अन्तर्राष्ट्रिय समर्थन प्राप्त गऱ्यो । फलतः संयुक्त राष्ट्रसङ्घले निर्धारण गरेका अन्तर्राष्ट्रिय मापदण्डलाई समेत आधार मानेर नेपालको सन्दर्भमा जनजातिको परिभाषा गर्ने कार्य सन् १९९४ मा सम्पन्न काठमाडौंको लब्सीफेदी सम्मेलनले पूरा गऱ्यो ।

यसै सिलसिलामा जनजातिका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक अधिकारमुखी आन्दोलन पनि निरन्तर रूपमा अगाडि बढे । फलस्वरूप तत्कालीन सरकारले सन् १९९६ मा प्रा. सन्तबहादुर गुरुङको संयोजकत्वमा कार्यदल गठन गरी उक्त कार्यदललाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बनाउने जिम्मा दियो । उक्त कार्यदलले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनको मस्यौदा प्रतिवेदन तयार गर्नुका साथै प्रतिवेदनको अनुसूचीमा ६१ जनजातिको सूची तयार पारी कानुनी मान्यताको लागि सरकारलाई बुझायो । सरकारले कार्यदलद्वारा प्रस्तुत मस्यौदा ऐनलाई तत्काल पारित गर्न सकेन । त्यसैले सो ऐनको सट्टा सन् १९९६ मा एउटा अध्यादेश जारी गरी राष्ट्रिय जनजाति विकास समिति गठन गऱ्यो । आदिवासी जनजाति आन्दोलन अध्यादेश जारी भएपछि पनि निरन्तर अगाडि बढेपछि सरकारले सन् २००१ मा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन पारित गऱ्यो । उक्त ऐनले ा. सन्तबहादुर गुरुङको संयोजकत्वमा गठित कार्यदलद्वारा सिफारिस गरिएका ६१ वटा आदिवासी जनजातिमध्ये मनाङ्गेलाई सूचीबाट हटायो भने चिम्तन र ठिन्तनलाई मिलाई तीनगाउँले थकाली नामकरण गरी जम्मा ५९ आदिवासी जनजातिको सूचीलाई कानुनी मान्यता प्रदान गऱ्यो । सोही ऐनको आधारमा सन् २००२ मा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना भयो । यसबाट नेपालमा सन् १९९० सम्म राष्ट्रियता र राष्ट्रिय एकताको नाममा राज्यले अपनाएको 'एउटा जाति, एउटा भाषा, एउटा धर्म र एउटा संस्कृति' को एकल नीति सिद्धान्ततः अन्त्य भयो ।

नेपालको राजनीतिमा सन् १९९० देखि २०१३ सम्म पहिचानको मुद्दाले बिशेष स्थान पायो । यो अबधिमा पहिचानलाई नेपालका आदिबासी जनजाति लगायत मधेशी, महिला, दलित समुदायलाई राजनीतिक आन्दोलनमा परिचालन गर्ने मुख्य हतियार बनाईयो । सन् १९९६ देखि २००६ सम्मको जनयुद्द कालमा तत्कालिन नेकपा माओबादीले पनि पहिचानकै आधारमा जनजातिहरूलाई जनयुद्ध प्रति आकर्षित गराउन सफल भएको थियो । सन् २००६ को जन आन्दोलनमा पनि पहिचानको मुद्दाले बिशेष स्थान पायो र नेपालका आदिबासी जनजातिहरू आफ्ना पृथक पहिचान सहित २००६ को जनआन्दोलनमा सहभागी भए । त्यस अबधिमा जनजाति आन्दोलन बलियो भएकोले तत्कालिन राज्य सरकारपनि पहिचानको मुद्दाप्रति सकारात्मक देखिन बाध्य भए । नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा गर्नु, समानुपातिक निर्बाचन पद्दति र समाबेसी नीति अपनाउनु, अन्तराष्ट्रिय श्रम संगठन महासन्धि १६९ पारित गर्नु, आदिबासी जनजाति अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघको घोषणा पत्र अनुमोदन गर्नु तथा बहिस्कृत समुदायहरूका लागि सरकारी सेवा र उच्च शिक्षामा आरक्षण को व्यवस्था गर्नु जनजातिहरूलाई हेर्ने राज्यको दृस्टीकोणमा सकारात्मक सुधार आउनु हो । तर त्यतिले मात्र नेपालमा पचिचानको आन्दोलन रोकिएन । सरकारद्वारा २००१ मा सुचिकृत गरिएका ५९ आदिबासी जनजाति भित्र नपरेका विभिन्न सामाजिक सास्कृतिक समुदायहरूले आफुहरूलाई पनि सुचिकृत गर्नु पर्ने माग उठाए । उनीहरूको मागलाई ध्यानमा राखी तत्कालिन नेपाल सरकारले सन् २००९ को अप्रिल महिनामा प्रा.डा. ओम गुरुङको संयोजकत्वमा आदिवासी जनजाति सूची परिमार्जन उच्चस्तरीय कार्यदल गठन गऱ्यो । उक्त कार्यदलले आदिवासी जनजातिहरूको पहिचानका वस्तुपरक र वैज्ञानिक आधार तय गरी सोही आधारमा ८१ आदिवासी जनजातिहरूको नया सुची तयार पारी सरकारलाई बुझाएको छ । तर सरकारले प्रा.डा. ओम गुरुङको संयोजकत्वमा गठित कार्यदलद्वारा नया सुचीमा थप गरिएका आदिबासी जनजातिहरूलाई अहिलेसम्म कानुनी मान्यता दिएको छैन ।

जातीय पहिचानको सवालमा पहिलो संविधानसभा

नेपालका आदिवासी जनजातिहरूले आफ्नो जातीय पहिचान र अधिकारका लागि लामो समयदेखि संघर्ष गर्दै आएका कुरा माथि नै उल्लेख गरिएको छ। उनीहरूले उठाएका जातीय पहिचान र अधिकारका मुद्दालाई विभिन्न समयमा संचालन भएका जातीय आन्दोलन र तत्कालीन नेकपा (माओवादी)ले संचालन गरेको १० बर्षे जनयुद्धले पनि जातीय मुक्ति आन्दोलनको एउटा मूल मुद्दाको रूपमा उठाएका थिए । नेपालमा भएको २००६ को जनआन्दोलनको बेला त जातीय पहिचान र समावेशी राज्यको मुद्दा प्रखर रूपमा उठेको थियो । त्यतिबेला जातीय पहिचान र समावेशी राज्यसत्ताको मुद्दा आदिवासी जनजातिको मात्र नभएर आन्दोलनरत सबै राजनीतिक दलको साझा राजनीतिक मुद्दाको रूपमा स्थापित भएको थियो । नेपाली जनताको बल र बलिदानपूर्ण संघर्षबाट नेपालमा एकात्मक र केन्द्रीकृत राज्यसत्ता पराजित भयो । त्यसको ठाउँमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । त्यसपछि जारी भएको नेपालको अन्तरिम संविधान २००७ ले जाति, वर्ग, धर्म, लिङ्ग, भाषा, क्षेत्रका आधारमा राज्यद्वारा भएको विभेदको अन्त गर्न एकात्मक र केन्द्रीकृत राज्यसत्ताको अन्त गरी समावेशी संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीसहितको अग्रगामी राज्य पुनर्संरचना गर्ने सुनिश्चितता प्रदान गऱ्यो (हेर्नुस अन्तरिम संविधानको भाग १७ धारा १३८) । अन्तरिम संविधानले आदिवासी जनजातिलगायत अन्य उत्पीडित/उपेक्षित जाति, वर्ग, क्षेत्र र लिङ्गको भावना र चाहनाअनुरूप संघीय शासनप्रणालीअन्तर्गत स्वायत्त र अधिकार सम्पन्न प्रदेश तथा स्वायत्त क्षेत्रहरूको स्थापना गर्ने थप सुनिश्चितता प्रदान गऱ्यो ।

अन्तरिम संविधानअन्तर्गत २००८ सालमा सम्पन्न संविधानसभाको पहिलो निर्वाचनमा निर्वाचित जनजाति समुदायका २१८ सभासदले जातीय पहिचानको आधारमा राज्य पुनर्संरचना हुनुपर्छ भन्ने जनजातिका मुद्दालाई संविधानसभामा पनि प्रखर रूपमा उठाए । संविधानसभाको पहिलो निर्वाचनद्वारा गठित संविधानसभाको राज्य पुनर्संरचना तथा राज्यसक्तिको बाडफाँड समितिले तयार पारेको प्रतिवेदनले पनि पहिचानका पाँच आधार (जाति, समुदाय, भाषा, संस्कृति र भौगोलिक क्षेत्रसँगको निरन्तर ऐतिहासिक सम्बन्ध) र सामर्थ्यका चार आधार (आर्थिक विकास, प्रशासनिक सुगमता, भौगोलिक क्षेत्र तथा प्राकृतिक श्रोत सम्पदाको उपलब्धता)लाई मानी नेपालमा १४ प्रदेश र २३ स्वायत्त क्षेत्रको प्रस्ताव संविधानसभामा पेस गरेको थियो । त्यसैगरी अन्तरिम संविधानको आधारमा नेपाल सरकारले गठन गरेको राज्य पुनर्संरचना उच्चस्तरीय सुझाव आयोगले पनि संविधानसभाको राज्य पुनर्संरचना समितिले प्रस्तुत गरेको पहिचान र सामर्थ्यलाई नै मूल आधार मानी नेपालमा १० भौगोलिक र १ गैरभौगोलिक प्रदेश तथा २३ स्वायत्त क्षेत्रको सिफारिस गरेको थियो ।

संविधानसभा राज्य पुनर्संरचना र राज्य शक्तिको बांडफांड समितीद्वारा

सिफारिस गरिएको संघीय प्रदेशहरू

सोही बेला आदिवासी जनजाति र नेपाल सरकारबीच २००७ अगस्त ७ मा सम्पन्न २० बुँदे सहमति र २००९ मे २४ मा सम्पन्न ७ बुँदे सहमतिलगायत विभिन्न समयमा लिम्बुवान र थरुवान/थरुहटसँग भएका सहमति सम्झौतामा पनि जातीय पहिचान र भूगोलको आधारमा राज्यको पुनर्संरचना गरिने छ भनी सरकारबाट प्रतिबद्धता जाहेर भएको थियो । यसरी जनयुद्ध र जनआन्दोलनको जनादेश, अन्तरिम संविधानको भावना र मर्म, आदिवासी जनजातिहरू र नेपाल सरकारबीच भएका सहमति/सम्झौता, संविधानसभा राज्यपुनर्संरचना तथा राज्यसक्तिको बाँडफाँड समिति र राज्य पुनर्संरचना उच्चस्तरीयसुझाबआयोगकोसिफारिसका आधारमा पनि जातीय पहिचानको आधारमा राज्य पुनर्संरचना हुनुपर्ने थियो । त्यस्तै, राजनीतिक दलहरूका प्रतिबद्धता तथा संविधानसभामा आदिवासी जनजातिलगायत पहिचानवादी सभासदहरूको भूमिका आदिका कारण नेपाली जनताको भावना र चाहनाको कदर गरी नेपालमा पहिचान सहितको संघीय लोकतान्त्रिक गणतन्त्र सुनिश्चित भएको समावेशी संविधान जारी हुने प्रबल सम्भावना थियो । तर देशका प्रमुख राजनीतिक दलहरूको गैरराजनीतिक चरित्र र जनताप्रतिको गैरजिम्मेवारीका कारण संविधानसभामा पहिचान पक्षधर दुई तिहाइ सभासदहरू हुदाहुदै पनि संविधानसभाले नेपाली जनता र आदिवासी जनजातिहरूको चाहनानुसारको संविधान जारी गर्न सकेन । बरु संविधान जारी गर्नुको सट्टा २०१२ मे २८ को मध्यरातमा नाटकीय ढंगबाट संविधानसभा कै अवसान गराइयो । यसरी संविधानसभाको अवसान हुनु नेपालका विभिन्न ऐतिहासिक कालखण्डमा भएको जनआन्दोलन र जनयुद्धमा नेपाली जनताले बगाएको रगत र पसिनाको अवमूल्यन र अपमान थियो । यो नेपाली जनताप्रतिको धोखा थियो ।

संविधानसभाको अवसान भएपछि संविधानसभाको अवसान हुनुमा तत्कालिन नेकपा (माओवादी), नेपाली काँग्रेस र तत्कालिन नेकपा (एमाले) ले एकले अर्कालाई दोषारोपण गरे । तर यो एउटा नाटक मात्र थियो । संविधानसभा अवसान हुनुमा ती तीनै राजनीतिक दलहरू सबै दोषी थिए। उनीहरूले संविधानसभा अवसान गराउनुको मूल कारण आदिवासी जनजातिको पहिचानलाई मेटाउनु र उनीहरूलाई अधिकार बिहिन बनाउनु नै थियो । यस कार्यमा जुनसुकै दलका भएपनि र जस्तोसुकै क्रान्तिकारी कुरा गरेता पनि ती तीनै राजनीतिक दलका नेताहरू अन्तः एक ठाउँमा उभिए । सारमा भन्दा, ती राजनीतिक दलका नेताहरू गैरजनजाति हुनु र उनीहरू सबै सामन्ती ब्राह्मणवादी विचार र चिन्तनबाट ग्रसित हुनु नै संविधानसभा अवसानको एउटा प्रमुख कारण थियो । त्यसैले उनीहरूले आदिवासी जनजातिका पहिचान र अधिकार सुनिश्चित गराउने संविधान जारी गराउनुभन्दा संविधानसभा कै अवसान गराउन उचित ठाने र गराए ।

संविधानसभाको अवसानपछिको राजनीतिक परिदृष्य

संविधानसभा बिघटन भएपछि केही समय नेपालमा संबैधानिक र राजनीतिक संकट देखा पऱ्यो । ठुला भनिने राजनीतिक दलहरूका स्वार्थ र उनीहरूबीचको आपसी झगडा र खिचातानीले देशको संबैधानिक तथा प्रशासनिक अधिकार कर्मचारी तन्त्रको हातमा गयो । कर्मचारीतन्त्रको सरकारले शासनसत्ता सम्हालेको एक वर्षपछि अर्थात सन् २०१३ मा आदिवासी जनजाति लगायत कैयन राजनीतिक दलका विरोध र बहिस्कारको बाबजुत पनि संविधानसभाको दोश्रो निर्वाचन सम्पन्न गरायो । नेपालका आदिवासी जनजातिप्रति ऐतिहासिक कालदेखि नै विभेदकारी र उत्पीडनकारी कर्मचारीतन्त्रको राज्यसत्ताले सम्पन्न गराएको निर्वाचनमा आदिवासी जनजातिका पहिचान पक्षधर प्रतिनिधिहरू निर्वाचित हुने संभावना स्वभावैले कम थियो । त्यसैले दोश्रो निर्वाचनमा संविधानसभामा आदिवासी जनजातिको प्रतिनिधित्व पहिलो निर्वाचनको तुलनामा उल्लेखनीय हुन सकेन भए । निर्वाचित भएका जनजातिका प्रतिनिधिमध्ये पनि संविधानसभाको पहिलो निर्वाचनमा निर्वाचित भएका जनजाति सभासदजस्ता पहिचानको पक्षमा सशक्त रूपमा आफूलाई संविधानसभामा प्रस्तुत गराउन सक्ने क्षमता र मनोबल भएका ज्यादै न्यून थिए । पहिचानका पक्षधर अन्य समुदायका प्रतिनिधिहरू पनि कमै संख्यामा निर्वाचित भए । परिणामस्वरूप संविधानसभामा पहिचानको मुद्दा कमजोर हुँदै गयो ।

जातीय पहिचान र अधिकारको लागि राज्यका विरुद्ध आन्दोलन गर्ने जिम्मेवारी लिएको आदिवासी जनजातिका साझा संगठन नेपाल आदिवासी जनजाति महासंघको भूमिका पनि तत्कालीन समयमा आदिवासी जनजातिहरूको पहिचान स्थापित गर्ने र अधिकार सुनिश्चित गर्ने दिशातिर लक्षित हुन सकेन । विशेषगरी नेपाल आदिवासी जनजाति महासंघको नेतृत्वपंक्ति जातीय पहिचान र अधिकारलाई मूल मुद्दा बनाएर प्रस्तुत हुन सकेनन् । उनीहरू महासंघसँग आबद्ध भएका र नभएका जातीय संस्थाहरू तथा विभिन्न राजनीतक दलसँग आबद्ध जातीय मोर्चाहरूसँग समन्वय र सहकार्य गरी पहिचानमुखी आन्दोलनको अगुवाइ गर्नेतिर भन्दा आफ्नो व्यक्तिगत र आफू सम्बद्ध राजनीतिक दलको स्वार्थतिर बढी ढल्किए । परिणामतः आदिवासी जनजातिको सडक आन्दोलन पनि स्वतः कमजोर भयो ।

माथि उल्लेख गरिएको राजनीतिक पृष्ठभूमिमा देशभरि छरिएर रहेका आदिवासी जनजातिका संघ/संस्था, राजनीतिक दलसँग आबद्ध भएका जातीय मोर्चा, स्वतन्त्र रूपमा रहेका जनजाति अधिकारकर्मी र बुद्धिजीवरुलाई गोलबन्द गरी देशव्यापी रूपमा सशक्त आन्दोलन गर्ने उद्देश्यले मानवअधिकारवादी नेता पद्यरत्न तुलाधरको संयोजकत्वमा सन् २०१४ मा आदिवासी जनजाति राष्ट्रिय आन्दोलन (आजराआ), नेपालको गठन भयो । आजराआले'पहिचानसहितको संघीयता र संघीयतासहितको संविधानसन्'लगायत राज्यका सबै अंग र तहमा समावेशी समानुपातिक प्रतिनिधित्वजस्ता महत्वपूर्ण मुद्दा लिएर देशव्यापी आन्दोलन सुरु गरेको थियो । तर त्यति नै बेला सन् २०१५ अप्रिल महिनामा देशमा गएको विनाशकारी महाभूकम्पले आजराआको जातीय मुक्ति आन्दोलनलाई प्राकृतिक प्रकोपको उद्धार कार्यतिर धकेलीदियो । परिणामतः आजराआको पहिचानमुखी आन्दोलन पनि विस्तारै शिथिल बनेर गयो । सबै पहिचानमुखी र अधिकारका लागि आन्दोलन गरिरहेका सबै संघ/संस्थालगायत समस्त नेपाली जनताको ध्यान महाभूकम्पतिर केन्द्रित भएको अवसर पारेर नेपालका ठूला भनिने राजनीतिक दलका षडयन्त्रकारी नेता तथा तिनै नेताहरूका पृष्ठपोषक राज्यसत्ताको साठगाँठमा २०१५ सेप्तेम्बेर २० का दिन हतारहतारमा नयाँ संविधान जारी भयो ।

दोस्रो जनआन्दोलनबाट नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्रको स्थापना भएपछि र विशेष गरेर २०१५ सालमा नेपालको नयाँ संविधान जारी भएपछि बन्ने संबिधान समाबेसी हुनेछ, जनजाति आन्दोलनले प्राप्त गरेका सबै उपलब्धीहरू संस्थागत हुनेछन्, संबिधानमा आदिबासी जनाजतिको पहिचान स्थापित हुने छ, नेपालमा बहु राष्ट्रिय राज्य स्थापना हुने छ, नेपाल बहुभाषिक देश बन्ने छ, नेपालमा जातीय स्वशासन र स्वायत्तता कायम हुने छ, देशमा पूर्ण समानुपातिक निर्बाचन प्रणाली लागु हुने छ र संविधानको कार्यान्वयनले आदिबासी जनजाती लगायत सबै नेपाली जनता अधिकार सम्पन्न नागरिकको रूपमा बाँच्न पाउनेछन् भन्ने जन आकांक्षा र अपेक्षा थियो । तर अत्यन्त दुःखद र प्रतिकूल परिस्थितिको मौका छोपेर जारी गरिएको संविधानले आदिवासी जनजातिका

बाँकी ७ पेजमा

# कम्युनिष्टहरूमा विश्वदृष्टिकोणको रूपान्तरणको समस्या



● हस्तबहादुर केसी ●

*कम्युनिष्ट पार्टीहरूमा जुन विश्वदृष्टिकोणका समस्याहरू समाधान गर्ने एक मात्र पार्टी स्कुलिङ हो भने आम पार्टीपंक्तिभित्र वैचारिक सुदृढिकरण अभियान सञ्चालन अर्को विधि हो । पार्टी पंक्ति भित्र वैचारिक छलफल, बहस सञ्चालन गर्ने विधि पनि ज्यादै महत्वपूर्ण काम हो । अन्तर पार्टी संघर्ष, अन्तः संघर्ष र दुई लाईन संघर्षलाई मार्क्सवादी विधि र पद्धतिद्वारा हल गर्ने आँट गर्ने क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले मात्र पार्टीलाई एकताबद्ध राखिरख्न र आफ्नो घोषित लक्ष्य हासिल गर्न सक्छन् र प्राप्त उपलब्धिहरूलाई जोगाई राख्न र संरक्षण गर्न सक्छन्*

कम्युनिष्टहरूका निम्ति विश्वदृष्टिकोणमा रूपान्तरणको समस्या ज्यादै महत्वपूर्ण प्रश्न हो । विश्वलाई हेर्ने दुई भिन्न विश्वदृष्टिकोण छन् -एउटा हो आध्यात्मवादी (आदर्शवादी) विश्वदृष्टिकोण । यस विश्वदृष्टिकोणले चेतना पहिलो हो र चेतनाबाट पदार्थको जन्म भएको भन्ने मान्दछ । यस विश्व ब्रह्माण्डको उत्पत्ति कुनै अदृश्य शक्ति (काल्पनिक ईश्वर)बाट भएको हो भन्ने मान्दछ । अर्थात् विश्व ब्रह्माण्डको सृष्टि ईश्वरले गरेको हो भन्ने मान्दछ । यो तर्क र पद्धति अवैज्ञानिक छ । यस दृष्टिकोणले विश्वलाई जान्न सकिन्छ, बुझ्न सकिन्न र बदल्न पनि सकिदैन भन्ने मान्दछ । विश्व अज्ञेय छ भन्ने मान्दछ । यो दृष्टिकोण दर्शनशास्त्रको फाँटमा आध्यात्मवादी (आदर्शवादी) विश्वदृष्टिकोण हो ।

अर्को हो पदार्थ पहिलो हो र पदार्थकै विशिष्ट उपज चेतना हो र विश्व ब्रह्माण्डको सृष्टिकर्ता अरु कोही नभएर स्वनिर्मित हो भन्ने मान्दछ । र विश्वलाई जान्न सकिन्छ, बुझ्न सकिन्छ र यसलाई बदल्न सकिन्छ भन्ने मान्दछ । यो तर्कलाई वैज्ञानिक तर्क मानिन्छ । र यसले विश्व ज्ञेय छ भन्ने मान्दछ । यो दृष्टिकोण दर्शनशास्त्रको फाँटमा भौतिकवादी विश्वदृष्टिकोण हो ।

विश्वदृष्टिकोण भनेको त्यो सिद्धान्त हो, विचारहरू र आस्थाको योग हो, जसले कुन व्यक्ति, सामाजिक समूह, वर्ग वा समग्ररूपमा सामाजिक क्रियाकलापको दिशा र यथार्थप्रतिको धारणा निर्धारण गर्दछ । विश्वदृष्टिकोणको प्रश्न आधारभूत दर्शनका प्रश्नहरूसित अभिन्न रूपले जोडिएका हुन्छन् । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद कम्युनिष्टहरूको विश्वदृष्टिकोण हो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई स्टालिनले 'मार्क्सवादी - लेनिनवादी पार्टीको विश्वदृष्टिकोण 'को रूपमा परिभाषित गर्नु भएको छ ।

संसारमा धेरै प्रकारका दर्शनहरू छन् । मार्क्सवादी दर्शन मात्र कम्युनिष्टहरूको दर्शन हो । मार्क्सवादी दर्शन मात्र विश्व सर्वहारा वर्गको दर्शन हो ।

कार्ल मार्क्स (सन १८१८-१८८३) र फ्रेडिक एंगेल्स (सन १८२० -१८९५) मार्क्सवादी दर्शन अर्थात् द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादका प्रवर्तक हुनु हुन्छ । मार्क्सको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो । यस दर्शनको सिद्धान्त भौतिकवाद हो ।

मार्क्सवादी दर्शनले पदार्थ, प्रकृति वा सामाजिक सत्तालाई पहिलो र चेतना, विचार वा सामाजिक चेतनालाई दोस्रो स्थानमा राख्दछ । यसले चेतनालाई वस्तु जगतको आत्मिक प्रतिबिम्बन मान्दछ र विश्वलाई बोधगम्य बताउँछ । यो दर्शनको पद्धति द्वन्द्ववाद हो ।

प्रत्येक दर्शन वर्ग दर्शन रहने कुरा मार्क्सवादी दर्शनको सम्बन्धमा पनि लागु रहन्छ । मार्क्सवादी दर्शन एउटा वर्ग दर्शन हो । सर्वहारा वर्गको दर्शन हो । तर यो अन्य दर्शनहरू झै अल्पसंख्यकहरूको, शोषकहरूको दर्शन नभएर बहुसंख्यकहरूको, सर्वहाराहरूको दर्शन हो ।

मार्क्सवादी दर्शनको उत्पत्ति ऐतिहासिक आवश्यकताको कारणबाट भएको थियो । विश्व राजनीतिक रंगमञ्चमा एक स्वाधीन शक्तिको रूपमा देखा परेपछि सर्वहारावर्गको लागि एक साँच्चिकै वैज्ञानिक दर्शनको खाँचो पर्न गयो । त्यो एक प्रकारको ऐतिहासिक आवश्यकता थियो, जसको परिपूर्ति मार्क्सवादी दर्शन अर्थात् द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनले गर्‍यो । त्यस दर्शनमा सर्वहारा वर्गले संसारलाई ठिक शीत बुझ्ने र त्यसलाई बदल्ने एक अचूक बौद्धिक अस्त्र भेटाएको छ । यसको महत्वलाई लेनिनले यसरी दर्साउनु भएको छ - 'मार्क्सको दर्शन एउटा यस्तो परिपूर्ण दार्शनिक भौतिकवाद हो, जसले मानवजातिलाई र खास रूपले मजदुरवर्गलाई ज्ञानका शक्तिशाली औजारहरू प्रदान गरेको छ । '(*लेनिन, संकलित रचनाहरू, भाग १९, पृष्ठ २५* ।

जो संसारलाई फेर्न चाहन्छ, विद्यमान यथार्थतालाई फेरेर नयाँ यथार्थताको निर्माण गर्न चाहन्छ, उनीहरूले संसारलाई बुझ्नु पर्दछ, त्यसलाई फेर्ने तरिका जान्नु पर्दछ । यही सामर्थ्य मार्क्सवादी दर्शनले उनीहरूलाई दिन्छ । सर्वहाराहरूको लागि दर्शनको कत्रो महत्व रहेको हुन्छ भन्ने कुरालाई मार्क्सले यसरी बताउनु भएको छ - 'जसरी दर्शनले सर्वहारावर्गमा आफ्नो भौतिक हतियार भेटाउँछ, त्यसरी नै सर्वहारावर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार भेटाउँछ ।'(मार्क्स - एंगेल्स, संकलित रचनाहरू, भाग ३, पृष्ठ १८७ ।

त्यसैगरी मार्क्सवादको दार्शनिक पक्षको महत्वलाई माओत्सेतुङले यसरी दर्शाउनु भएको छ, 'मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ, मार्क्सवादी दर्शन, मार्क्सवादी अर्थशास्त्र र मार्क्सवादी समाजवाद अर्थात् वर्गसंघर्षको सिद्धान्त तर जग चाहिँ मार्क्सवादी दर्शन हो । यदि यसलाई मनन् गरिदैन भने हाम्रो एउटा साझा भाषा वा साझा तरिका हुने छैन, हामी चीजहरूलाई स्पष्ट नपारिकन यताउताको कुरा तर्क मात्र गरिरहेका हुनेछौं । द्वन्द्वात्मक भौतिकवादलाई मनन् गरिसकेपछि थुप्रै दुःखकष्टहरूबाट जोगिने छन् र धेरै गल्तीहरू हट्नेछन् ।'

मार्क्सवादले सर्वहारा वर्गलाई विश्वदृष्टिकोण पैदा गर्दछ । मार्क्सवादी दर्शन अर्थात् द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन सर्वहारा वर्ग र त्यस वर्गको पार्टी कम्युनिष्ट पार्टीका नेताहरूमा यसको गहन अध्ययन र आत्मसातिकरणले विश्वदृष्टिकोण पैदा गर्दछ । संसार बदल्ने सैधान्तिक हतियार अर्थात् विश्वदृष्टिकोण पैदा गर्दछ ।

आज मार्क्सवादले पहिलो चरणमा मार्क्सवादको विकास गरेको छ । मार्क्सवादले गुणात्मक रूपमा दोस्रो चरणमा लेनिनवादमा विकास गरेको छ भने र मार्क्सवाद -लेनिनवादले गुणात्मक रूपले तेस्रो नयाँ चरणमा माओवादमा विकास गरिसकेको छ ।

यसरी आज अन्तर्राष्ट्रिय सर्वहारावर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिंगो अभेद्य इकाईका रूपमा मार्क्सवाद -लेनिनवाद माओवाद रहेको छ । माओवादलाई आजको विश्वको मार्क्सवाद -लेनिनवादको रूपमा ग्रहण नगरी कोही पनि सच्चा कम्युनिष्ट बन्न सक्तैन ।

आजको विश्वको मार्क्सवाद थ्थउभ भत्रगबतष्यल जभचचभ।लेनिनवाद भएकोले नै संसारमा सबै खाले प्रतिक्रियावादीहरू, संशोधनवादीहरूले माओवाद एवम् माओवादीहरूमाथि भीषण हमला गरिरहेका छन् ।

जसरी मार्क्सवाद (लेनिनवादको स्थापना कम्युनिष्ट क्रान्तिकारीहरूद्वारा सबै खाले प्रतिक्रियावाद, संशोधनवाद र अवसरवादका विरुद्धको संघर्षका क्रममा भएको हो, त्यसरी नै आज माओवादको स्थापना पनि निर्मम वर्गसंघर्षका बीचबाट भएको हो । यसरी आज मार्क्सवाद-लेनिनवाद-माओवाद विश्वसर्वहारा वर्गको मुक्तिको सिद्धान्त बनेको छ ।

विश्व कम्युनिष्ट आन्दोलन र नेपाली कम्युनिष्ट आन्दोलनका नेताहरूमा विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसके कै कारण विश्व कम्युनिष्ट आन्दोलनमा नै ठूला ठूला प्रतिक्रान्तिका परिघटनाहरू घटित हुन पुगे । यही विश्वदृष्टिकोणको समस्याले गर्दा नै सोभियत संघ,चीन, पूर्वी युरोप र पूर्वी एशियामा प्रतिक्रान्ति भयो । यही समस्याका कारणले गर्दा नै फिलिपिन्स, टर्की,चिली, इन्डोनेसिया, निकारागुवा, पेरु र नेपालमा विजयको सन्निकट पुगेका क्रान्तिहरू असफल भएका हुन् ।

नेपालमा जुन महान् जनयुद्धको विरासतलाई समेत निस्तेज पार्दै जुन भीषण प्रतिक्रान्ति भयो, त्यसको मुख्य कारण महान् दस वर्षे जनयुद्धको नेतृत्व गरेकाा पुष्पकमल दाहाल 'प्रचण्ड 'बावुरा भट्टराईमा पैदा भएको चरम अवसरवाद र सैद्धान्तिक विचलन हो । जसले नेपाली माओवादी आन्दोलन नै विसर्जन हुन पुग्यो ।

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा फ्रुँधो, लासालहरू, ब्लांकीहरू शुरुमा कम्युनिष्ट क्रान्तिकारी नै थिए । पछि उनीहरू चरम अवसरवादी र अराजकतावादी भएका थिए । यस्तो हुनुमा विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसक्नु नै थियो ।

बर्नस्टिन पनि शुरुमा बहुतै कम्युनिष्ट क्रान्तिकारी थिए । विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसके कैकारण उनी मार्क्सवाद विरोधी मात्र भएनन्, उनी शास्त्रीय संशोधनवादका पिता सावित भए ।

जर्मन कम्युनिष्ट पार्टीका नेता कार्ल काउत्स्की पहिले रुसका लेनिन भन्दा पनि खाटी क्रान्तिकारी भए । पछि उनी पनि संशोधनवादी भए र लेनिनले 'गद्धार काउत्स्की 'नामक पुस्तक समेत लेख्नु पर्‍यो । काउत्स्की पनि विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसकेर नै गद्धार काउत्स्की बन्न पुगेका थिए ।

निकिता ख्रुस्चोव पनि पहिले कम्युनिष्ट क्रान्तिकारी नै थिए ।सोभियत कम्युनिष्ट पार्टी (बोल्सेविक) का महासचिव समेत थिए । पछि अर्थात् सन १९५६ मा उनले सोभियत समाजवादमा पुँजीवाद घुसाए र सो रुसमा पुँजीवादको पुनःस्थापना भयो ।

चीनका ल्यु शाओ चि र दङ श्याओ पिङ पनि चीनका धुरन्धर क्रान्तिकारी कम्युनिष्ट नेता नै थिए। ल्यु श्याओ चिले त 'असल कम्युनिष्ट कसरी बन्ने 'नामक पुस्तकसम्म लेखेका थिए ।

सन् १९५६ मा चिनियाँ कम्युनिष्ट पार्टी भित्र संशोधनवाद घुसाउने पहिलो व्यक्तिमा उनै ल्यू श्याओ चि र दङ शाओपिङले चिनियाँ कम्युनिष्ट पार्टी र चिनियाँ समाजवादभित्र पुँजीवादको पुनःस्थापना गरेका थिए र संशोधनवादी गद्धार बनेका थिए । उनीहरू पनि विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसक्नु नै प्रमुख कारण थियो ।

विश्व कम्युनिष्ट आन्दोलनभित्र जन्मिएका सबै खाले संशोधनवादीहरू विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसकेकै कारण संशोधनवादीहरूको लाइनमा लामबद्ध हुन पुगेका छन् ।

कार्ल मार्क्स र फ्रेडरि एंगेल्सले हेगेलको आदर्शवादको बोक्राले छोपेको द्वन्द्ववादलाई ती आदर्शवादी बोक्राहरूलाई फ्याकेर वास्तविक द्वन्द्ववादको संयोजन गरेका थिए ।

कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले अधिभूतवादका बोक्राहरूले बेरिएको भौतिकवादलाई ती अधिभूतवादका बोक्राहरूलाई फ्याकेर वास्तविक भौतिकवादको संयोजन गरेका थिए ।

मार्क्स र एंगेल्स सच्चा क्रान्तिकारी, निस्वार्थी भए कै कारण मार्क्सवाद जस्तो क्रान्तिकारी र वैज्ञानिक विचार प्रतिपादन गर्न समर्थ हुनु भयो । वास्तविक रूपमा विश्वदृष्टिकोणमा रूपान्तरण हुन समर्थ भए कै कारण मार्क्स र एंगेल्स जीवनभर क्रान्तिकारी र मार्क्सवादको संरक्षक बन्न समर्थ रहनु भयो ।

एक कालखण्डमा क्रान्तिकारी हुनु र अर्को कालखण्डमा संशोधनवादी एवम् गैर क्रान्तिकारी मात्र होइन, प्रतिक्रान्तिकारीको नाइके हुनुको प्रमुख कारण मार्क्सवादका आधारभूत सिद्धान्तहरूको गहिरो (गहण) अध्ययन नहुनु, कम्युनिष्ट पार्टी भित्र व्यवस्थित र योजनाबद्ध एवम् वैज्ञानिक स्कुलिङ नचलाइनु, स्कुलिङमा भाग नलिनु, मार्क्सवाद अर्थात् आजको मार्क्सवाद-लेनिनवाद -माओवादको टपर्टुइयाँ अध्ययनका आधारमा नेता बन्नु, नेता बनाइनु, नेतृत्व गर्न पुग्नु नै संशोधनवादी बन्नुका प्रमुख आधार हुन । यस प्रकारका व्यक्ति एक पटक क्रान्तिकारी नेता भएको भए पनि, क्रान्तिकारी कम्युनिष्ट पार्टीको नेतृत्व गरेको भए पनि, वर्गसंघर्षको नेतृत्व गरेको भए पनि पछिल्लो अवधिमा अलिकति अप्ठ्यारो पर्ने बित्तिकै, अवसर पाउने बित्तिकै चरम अवसरवादी बन्ने र संशोधनवादी गद्धार बन्ने प्रमुख आधार बन्न पुग्छन् ।

यस प्रकारका व्यक्तिहरूले क्रान्तिप्रति गद्धारी गर्दछन्,। जनताप्रति गद्धारी गर्दछन् र समग्रमा देश र जनताप्रति गद्धारी गरेर प्रतिक्रियावादी समेत बन्न पुग्दछन् । विश्व कम्युनिष्ट आन्दोलनमा यस प्रकारका सैयौ उदाहरण र प्रमाणहरू छन् ।

दोस्रो कुरा मार्क्सवादको गहिरो अध्ययन गर्दैमा, मालेमावादको गहिरो अध्ययन गर्दैमा कोही पनि सदा क्रान्तिकारी भइरन्छ भन्ने कुनै मार्क्सवादी द्वन्द्ववादी तर्क हुन सक्तैन । उसले मार्क्सवाद अर्थात् मालेमावादलाई आत्मसातिकरण गर्न सक्नु पर्छ । मार्क्सवादलाई जीवन व्यवहारमा लागू गर्न सक्नु पर्छ । पार्टी भित्र अन्तर्संघर्षमा पनि पोख्त हुनु र वर्गसंघर्षमा सक्रिय र आत्मबलिदानीका उच्च भावनाका साथ भाग लिनु हो । मालेमावादको अध्ययन गर्दैमा सच्चा क्रान्तिकारी कम्युनिष्ट भइन्छ भन्ने कुरा साँचो होइन, मार्क्सवादी सच्च्याई पनि होइन ।

कम्युनिष्ट क्रान्तिकारीहरू र क्रान्तिकारी कम्युनिष्ट पार्टी भित्र विश्वदृष्टिकोणमा रूपान्तरण हुनका लागि परिवारलाई पार्टीकरण गर्ने, परिवार भित्र कम्युनिष्ट आचरण र व्यवहारलाई लागु गरिनु अनिवार्य हुन्छ । परिवार भित्र जीवन साथी र जीवन संगिनी बीच, छोराछोरी र बाबू आमाका बीचमा पार्टी नीति र कम्युनिष्ट पार्टीको सिद्धान्तका बारेमा स्कुलिङ गर्ने, गराउने, घर परिवार भित्र जनवादी संस्कृतिको विकास गरिनु पर्दछ । अर्थात् परिवार भित्र कम्युनिष्ट संस्कृतिको विकास गरिनु पर्दछ । यसको अभावमा कम्युनिष्ट परिवार वास्तविक रूपमा कम्युनिष्ट संस्कृतिमा, कम्युनिष्ट संस्कारमा ढाल्न सकिदैन । कम्युनिष्ट संस्कृति भनेको वैज्ञानिक र व्यवहारिक संस्कृति हो ।

परिवारभित्र प्रतिक्रान्तिका बीजहरू रहने भएकाले त्यहाँ साँस्कृतिक क्रान्ति परिवारबाटै चलाउन अनिवार्य हुन्छ । साँस्कृतिक क्रान्तिको अभावमा त्यो परिवार वास्तविक रूपमा क्रान्तिकारी बन्न सक्तैन । परिवार भित्र नै कम्युनिष्ट स्कुलिङ चलाउने हो भने त्यो परिवारमा कम्युनिष्ट संस्कृतिको विकास हुन जान्छ ।

पार्टीभित्र पनि एकातिर मार्क्सवादको स्वअध्ययन गर्ने वातावरणको सृजना गर्ने र स्वच्छ तथा वैज्ञानिक वातावरण मिलाउन जरुरी हुन्छ । स्वअध्ययन ज्ञान आर्जनको महत्त्वपूर्ण साधन हो ।

पार्टीभित्र पार्टीका नेता, कार्यकर्ताहरूलाई मार्क्सवादी ज्ञान सिद्धान्तद्वारा लैस गर्न र अब्बल दर्जाका क्रान्तिकारी नेता कार्यकर्ता निर्माण गर्नका निम्ति पार्टी स्कुलको व्यवस्था गरिएको पर्दछ । कार्यकर्ता भनेका पार्टीका सम्पत्ति हुने भएकाले उनीहरूको पहिलो सर्त भनेको मार्क्सवादी ज्ञान सिद्धान्तले लैस बनाउनु हो ।

लेनिन र माओले सञ्चालन गरेका पार्टी स्कुलिङहरू विश्व कम्युनिष्ट आन्दोलनमा नै अति उदाहरणीय र प्रेरणादायी बनेको इतिहास छ । साँच्चिकै वैज्ञानिक र योजनाबद्ध एवम् व्यवस्थित पार्टी स्कुलिङ सञ्चालन गरेकै गरेका कारण रुस र चीनमा महान् क्रान्तिहरू पनि सम्पन्न हुन पुगे । जुन जुन देशहरूले पार्टी स्कुलिङको व्यवस्था गर्न सकेनन् या चाहेनन्, ती देशहरूले क्रान्ति सम्पन्न गर्न पनि सकेनन् । अब्बल दर्जाका क्रान्तिकारी कार्यकर्ताविना कुनै पनि कम्युनिष्ट पार्टी आफ्नो लक्ष्यमा पुग्ने कुरै भएन ।

आम पार्टीपंक्तिभित्र विश्वदृष्टिकोणमा रूपान्तरण गर्ने महान् उद्श्येका साथ कमरेड माओले चीनमा महन् दस वर्षे सर्वहारा साँस्कृतिक क्रान्ति सञ्चालन गर्नु भयो र यस महान् दश वर्षे सर्वहारा साँस्कृतिक क्रान्ति भनेको सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्त हो ।

कमरेड माओ आफ्नो जीवनमा महान् दस वर्षे चिनियाँ सर्वहारा साँस्कृतिक क्रान्ति सफल हुनु भएको थियो । तर सन १९७६ सेप्टेम्बर ९ दिन माओको निधन भयो । त्यसको ठिक एक महिना पछि चीमा संशोधनवादी देङ गुटले प्रतिक्रान्ति गर्‍यो । नेपालमा नेपाल कम्युनिष्ट पार्टी निर्माण गरिएको ७० वर्ष पुरा भइसकेको छ । तर महान् नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने काम बाँकी नै छ ।

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को पहलमा महान् दस वर्षे जनयुद्धको पहल गरियो । क्रान्ति विजयको सन्निकट अवस्थामा पुगेको बेला जनयुद्धको नेतृत्व गर्दै आएका प्रचण्ड र बावुराम भट्टराईमा गंभीर प्रकारको वैचारिक विचलन आए पछि महान् नेपाली क्रान्तिले गंभीर प्रकारको धक्का खायो ।

महान् नेपाली नयाँ जनवादी क्रान्तिले यसरी धक्का खानुमा माथि पनि उल्लेख गरिएको छ कि जनयुद्धको नेतृत्व गर्दै आएको मुख्य नेतृत्वमा विश्वदृष्टिकोणमा रूपान्तरण हुन सक्नु हो । यस कमिले गर्दा त्यस नेतृत्वमा छिटो विचलन आयो ।

अर्को पक्ष्य आम पार्टी भित्र विभिन्न तह गत पाठ्यक्रम तर्जुमा गरेर नियमित र वैज्ञानिक र व्यवहारिक रूपमा मार्क्सवादी स्कुलिङ सञ्चालन नगरिनु र आफ्ना नेता कार्यकर्ताहरूलाई मार्क्सवादी ज्ञान सिद्धान्तले लैस नगर्नु र नगराउनु प्रमुख कारण रहेका छन् । नेतृत्वले विचारविनाका हजारौं लम्पट कार्यकर्ताहरू तयार पार्ने र ती कार्यकर्ताहरूलाई वरिपरि लगाएर हिड्ने गरेकै कारण महान् नेपाली नयाँ जनवादी क्रान्तिमाथि छिटो प्रतिक्रान्ति भयो र महान् नेपाली नयाँ जनवादी क्रान्तिले गंभीर प्रकारको धक्का खान पुग्यो ।

नेताहरूमा विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसके पछि कार्यकर्ताहरूमा विश्वदृष्टिकोणमा रूपान्तरण हुने कुरै भएन । कार्यकर्ताहरूमा विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसक्नुले गर्दा महान् दस वर्षे जनयुद्धले गंभीर प्रमुखको धक्का खानुपर्ने भयो । महान् नेपाली नयाँ जनवादी क्रान्तिको यो कठिन यात्रामा ज्यादै दुखद परिघटना हो । यसले महान् नेपाली नयाँ जनवादी क्रान्तिको यात्रामा र सिंगो नेपाली कम्युनिष्ट आन्दोलनमा नै गंभीर प्रकारको समस्या हो । यसो हुनुमा यो आम पार्टी पंक्ति भित्र विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसक्नु नै जिम्मेवार रहेको छ ।

यसबाट शिक्षा लिन जरुरी छ । हाम्रो देशमा महान् नयाँ नेपाली जनवादी क्रान्ति सम्पन्न गर्ने काम बाँकी नै छ । आज दक्षिणपन्थी संशोधनवाद महान् नेपाली क्रान्तिको मुख्य बाधकको रूपमा खडा हुन पुगेको छ । यो महान् नेपाली नयाँ जनवादी क्रान्तिको कार्यभार पुरा गर्ने जिम्मेवारी क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूको काँधमा आइपुगेको छ । मूलतः नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) को काँधमा आइपुगेको छ । यसको निम्ति देशभर छरिएका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूलाई एकीकृत गरेर विशाल क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण गर्नु यसको पहिलो कर्तव्य बन्न गएको छ । यस भन्दा पहिले महान् नेपाली नयाँ जनवादी क्रान्तिको ऐतिहासिक कार्यभार संहालिरहेको नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) विचार, सिद्धान्त, कार्यक्रम, आचरण, जीवनशैली, कार्यशैली विश्वदृष्टिकोण आदि विषयमा एकताबद्ध हुन जरुरी छ । आन्तरिक काम नै पहिलो हो । बाह्य काम दोस्रो हो ।

यहाँनेर स्पष्ट पार्न विषय के हो भने यहाँ पनि नेतृत्वतहदेखि कार्यकर्तासम्म अर्थात् आम पार्टी पंक्ति भित्र विश्वदृष्टिकोणमा रूपान्तरण हुन आवश्यक मात्र होइन, अनिवार्य सर्त बन्न पुगेको छ । यसको प्राप्तिका निम्ति आम पार्टी पंक्ति भित्र पार्टी स्कुलिङको कामलाई घनिभूत रूपमा सञ्चालन गर्न आवश्यक छ । स्कुलिङविनाका क्रान्तिकारी कम्युनिष्ट पार्टी भनिएका कम्युनिष्ट पार्टीहरूले घोषित लक्ष्य हासिल गर्न नसकेका र प्राप्त उपलब्धिहरूलाई जोगाउन र संरक्षण गर्न नसकेका प्रसस्तै उदाहरणहरू हाम्रो बग्रेल्ती छन् ।

विश्व कम्युनिष्ट आन्दोलनलाई फर्केर हेर्ने हो भने के पाइन्छ भने रुस, चीन जस्ता समाजवादी मुलुकहरूमा प्रतिक्रान्ति हुनुमा आम पार्टी पंक्ति भित्र पार्टी स्कुलिङको अभाव र मुख्य नेतृत्वतहमा विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसक्नु नै हो । यसरी विश्व कम्युनिष्ट आन्दोलनबाट आजका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरू तथा आम नेता कार्यकर्ताहरू समेतले शिक्षाका रूपमा ग्रहण गर्न जरुरी छ । विश्वदृष्टिकोणमा रूपान्तरणको महत्व नबुझ्ने र यसलाई व्यवहारमा लागू गर्न नसक्ने कम्युनिष्ट पार्टीहरूले नत घोषित लक्ष्य नै हासिल गर्न सकेको इतिहास छ, नत प्राप्त उपलब्धिहरूलाई जोगाउन र संरक्षण गर्न सकेको इतिहास छ । यसबाट सबै क्रान्तिकारी कम्युनिष्ट पार्टीहरू र ती पार्टीहरूका समग्र नेता तथा कार्यकर्ताहरूले शिक्षा लिन जरुरी छ ।

कम्युनिष्ट पार्टीहरूमा जुन विश्वदृष्टिकोणका समस्याहरू समाधान गर्ने एक मात्र पार्टी स्कुलिङ हो भने आम पार्टीपंक्तिभित्र वैचारिक सुदृढिकरण अभियान सञ्चालन अर्को विधि हो । पार्टी पंक्ति भित्र वैचारिक छलफल, बहस सञ्चालन गर्ने विधि पनि ज्यादै महत्वपूर्ण काम हो । अन्तर पार्टी संघर्ष, अन्तः संघर्ष र दुई लाईन संघर्षलाई मार्क्सवादी विधि र पद्धतिद्वारा हल गर्ने आँट गर्ने क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले मात्र पार्टीलाई एकताबद्ध राखिरख्न र आफ्नो घोषित लक्ष्य हासिल गर्न सक्छन् र प्राप्त उपलब्धिहरूलाई जोगाई राख्न र संरक्षण गर्न सक्छन् । विश्व कम्युनिष्ट आन्दोलन सकारात्मक पक्ष हो । यस शिक्षालाई सबै क्रान्तिकारी कम्युनिष्ट पार्टीहरू र आम नेता तथा कार्यकर्ताहरूले यस प्रकारका शिक्षाहरूले जीवन व्यवहारमा लागू गर्नु मुख्य कर्तव्य हो । क्रान्तिकारी कम्युनिष्ट पार्टी र ती पार्टीका क्याडरहरूले यो शिक्षालाई कुनै पनि हालतमा भुल्नु हुदैन । कम्युनिष्ट पार्टीको नेतृत्व क्रान्तिकारी मापदण्डअनुसार मार्क्सवाद (लेनिनवाद (माओवादको आलोकमा रहेर विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसक्ता विश्व कम्युनिष्ट आन्दोलन र नेपाली कम्युनिष्ट आन्दोलनले समेत गंभीर प्रकारको क्षति व्यहोर्नुपरेको छ । यो वस्तवादी यथार्थतालाई आजका विश्वभरका माओवादी क्रान्तिकारीले कदापि भुल्नु हुदैन । मिति : १५ जनवरी २०२१

*(लेखक : अन्तर्राष्ट्रिय लेखक तथा पत्रकार केन्द्रका अध्यक्ष हुन्)।*

# कोरोनाकहर र संवेदनाको सहादतः सन्दर्भ समकालीन कविता



● प्रा.डा.ताराकान्त पाण्डेय ●

*म यो देशको युवा,*
*बेचेर रगत पसिना*
*पालिरहेँ देश, चलाईरहेँ घरपरिवार*
*यतिखेर सरकार □*
*मसँग मात्रै दुईवटा किड्नी बाँकी छन्*
*कुन किड्नी बेचेर बाआमा पालु ?*
*र कुन बेचेर कर तिर्नु तिमीलाई ?*
*मध्यरात क्वारेन्टाइनमा बसेर सोचिरहेको छु*
*सरकारले आफै पासो लगाइदिन्छ कि*
*घाँटीमा मैले आफै लगाउनु पर्छ ।*

समकालीन समयको त्रासद जीवनलाई कवितामा सायदै यो भन्दा कठोर र वेधक ढङ्गले व्यक्त गर्न सकिएला ! साँच्चै क्वारेन्टिनमा कठाङ्ग्रिन बाध्य वर्तमानको मान्छे र उसको जीवनचर्या त्रासदीका काँडेघारीमा यसरी जेलिएको छ कि जता फर्के पनि ऊ भोक, अभाव, बेरोजगारी, रुग्णता, उपेक्षा आदिका काँडाहरूबाट चिथोरिन र रगतपच्छे शरीर लिएर बाँच्न बाध्य छ । कवि उपासकले भनेभैँ खाडीमा रगतपसिना बेचेर देश र परिवार पालिरहेको युवासँग यतिबेला समृद्धिसूचक दुई वटा किडनी मात्र छन् जो न सरकारको कर तिर्न पर्याप्त छन् न बाआमाको पालन पोषण गर्न । त्यसैले ऊ प्रश्न गर्न विवश छ-उसले घाँटीमा पासो आफै लगाउने कि नागरिकबाट कर उठाइरहेको यो सरकारले उसका घाँटीमा पासो लगाइदिन्छ ?

कोरोनाको कहर संसारभरि व्याप्त छ र त्यसले निकै ठुलो संख्यामा मानवीय क्षति पुऱ्याएको छ । प्रत्येक उमेर समूहका मानिसको ज्यान गएको छ, गइरहेको छ । हुन त यो अरू भाइरसजस्तै ती मध्येकै एउटा अलि कडा भाइरस हो, जसरी यसको भयावह प्रचार गरिएको छ, त्यस्तो केही पनि होइन भन्ने तर्क र विचारहरू पनि छन् र यो बहस जारी छ । मेरो लेखको आशय त्यस बहसमा पस्नु र यसको वैज्ञानिक सत्य खोतल्नु होइन । यसले मानव जीवनमा र खास गरी शक्तिको पहुँचबाट टाढा रहेका निम्नवर्गीय श्रमजीवी मानव समुदायमा यसले पारेको प्रभाव र राज्यका संवेदनहीनताले त्यसमा थपेको पीडा तथा त्यसका त्रासद अनुभूतिलाई समकालीन कविहरूले कसरी अभिव्यक्ति दिएका छन् अनि कोरोना कहरका विविध आयाम कवितामा कसरी व्यक्त भएका छन् भन्ने कुरालाई कवितामा खोज्नु हो । यसका निम्ति मैले यहाँ विभिन्न माध्यममा उपलब्ध केही कविका कवितालाई साक्ष्यका रूपमा लिई यस छलफललाई अगाडि बढाउने काम गरेको छु । यहाँ प्रस्तुत साक्ष्य सीमित प्रतिनिधिमूलक नमुना मात्र हुन् । सन् २०२० को वर्षावधिमा यस प्रवृत्तिका कविता प्रशस्त मात्रामा लेखिएका छन् ।

माथि उद्धृत कवि उपासकको कविता एउटा सुन्दर उदाहरण हो जसले कोरोनाका कारण क्वारेन्टिनमा पुऱ्याइएका श्रमजीवी वर्गका मानिसले भोग्नुपरिरहेको दैनिक जीविकाको पीडालाई कठोर व्यङ्ग्यका भाकामा अभिव्यक्त गरेको छ । त्यसो त आत्महत्याको कुरा पराजय र पलायनबोधको सङ्केतक हो भन्न पनि सकिन्छ तर यहाँ यो सन्दर्भ विद्वेषी एवं संवेदनाहीन सत्ताप्रति कठोर व्यङ्ग्य बनेर आएको छ । क्वारेन्टिन वा आइसोलेसन, बन्दाबन्दी र सामाजिक दूरी निरपेक्ष समाधान थिएनन् यस महामारीका र होइनन् पनि । उपेक्षा, भोक र रोग त झन ठुला महामारी थिए, छन् र पुँजीवाद रहँदासम्म यी रहिरहनेछन् । मानव विद्वेष, उपेक्षा, भोक र अभाव पुँजीवादका प्रदाय हुन् । कोरोनाकालमा संसारकै पुँजीवादी सत्ताले फेरि पनि यही पुष्टि गरेको छ । विकसित भनिएका देशमा मृत्युको ग्रास बनेका अधिकांशमा मानिस वर्गीय र नस्लीय दृष्टिले सीमान्त वर्गकै छन् । राज्यबाट उनीहरूले पाएको यही उपेक्षालाई कथ्य बनाएर शीला योगी लेख्छिन्ः

*म घेरिएको छु भाइरसहरूका बिचमा*
*चिच्याइरहेछन् म जस्तै नागरिकहरू*
*बाँच्नका लागि निस्सासिएका छन्*
*एक मुठी श्वासका लागि*
*गुहारिरहेका छन् मानिसको साथ*
*खोजिरहेका छन् मान्छेको माया*
*तिम्रो आँखाले चिन्न सकेन मलाई*
*अर्थहीन परिभाषा तिम्रो मानव अधिकारको ।*

**(इच्छुक सांस्कृतिक प्रतिष्ठानको जुम गोष्ठीमा वाचित)**

राज्य, राज्यका उपचारकेन्द्रहरू, निजी चिकित्सालयहरू- यी सबै तहमा श्रमजीवी, पहुँचविहीन मानिसहरूले सर्वत्र उपेक्षा बेहोरे । भारतमा को तस्वीर त्यस्तै देखियो । नेपालको यथार्थता पनि त्यही हो । पहुँच हुनेले राज्यकोशबाट पाँचतारे होटेलमा बसेर आरोग्य प्राप्त गरे । तिनका लागि आइसियु कहिल्यै अनुपलब्ध भएन तर सामान्य नागरिक अस्पतालका ढोका ढोका चहार्दै हिँड्दा पनि त्यो सुविधा उपलब्ध भएन र उपचारै नपाई ज्यान गुमाउनु पऱ्यो । यसले राज्यको चरित्र कति वर्गसापेक्ष छ र संवेदनहीन रहेछ भन्ने कुरालाई पुष्टि गर्ने काम गऱ्यो । कवि वासुदेव अधिकारी राज्यको यस्तो संवेदनहीनतालाई यसरी चित्रित गर्छन्ः

*प्रिय बन्दाबन्दी*
*समय नै समय छ अहिले*
*अवसर नै अवसर अहिले*
*मौकामा तयारी भइरहेछ*
*कुर्सीको मल्लयुद्ध ।*

**(ब्रोहरू, बस्तीमा आगो, पृ. २८)**

वास्तवमा कोरोनाकाल शासकहरूका लागि अवसर बन्यो- अर्थोपार्जनको, सत्तामा आफ्नो पकड बलियो बनाइराख्ने यत्नको । सत्तासुख मुख्य चिन्ताको विषय बन्यो, आम नागरिकको स्वास्थ्य र आजीविका सरोकारको विषय बन्न सकेन । अधिकारीको कविताले यसै बेथितिप्रति सङ्केत गरेको छ ।

कोरोनाकालमा सबभन्दा महतवपूर्ण कुरा पुँजीवादको विश्वसत्ता र देशभित्रकै दलाल पुँजीवादी चरित्र बोकेको राज्यसत्ताको वर्गद्वेषी चरित्र नाङ्गो किसिमले उदाङ्गिनु हो । समकालीन कविहरूले कोरोनाले दिएको पीडाको चित्रणसँगै राज्यको वर्गद्वेषी र संवेदनहीन चरित्रलाई कठोरतापूर्वक आफ्ना कवितामा प्रतिबिम्बित गरेका छन् । यस सन्दर्भमा म बलराम तिमिल्सिनाको 'मलर सदा' कविताका केही पङ्क्ति उद्धृत गर्न चाहन्छुः

*ढलें म भोकले ढलें*
*सुकेको रुखभैँ ढलें*
*समाजवाद हेर म*
*सामान्य भोकले ढलें !*
*मलाई मर्न मन थियो*
*लडेर भव्य युध्दमा*
*मलाई मिल्न मन थियो*
*प्रशान्त शान्त बुध्दमा !*
*मिलेन त्यो महा खुसी*
*म खेत बारीमा ढलें*
*मलर सदा म निम्छरो*
*सामान्य भोकले ढलें !*

**(फेसबुक वालबाट)**

मलर सदा कोरोनाकालमा भोकले मृत्यु हुने मधेसी समुदायका ती निम्नवर्गीय श्रमजीवी पात्र हुन् जसले त्यस्ता थुप्रै नेपाली मात्र होइन, कोरोनाकालमा (अथवा बन्दाबन्दीमा) संसारकै भोकले मर्ने आम सर्वहारा मानिसको प्रतिनिधित्व गर्दछन् । यस कालमा यसरी भोकले मर्नेहरूको संख्या ठुलो छ र नेपालमै पनि त्यो संख्या उल्लेख्य छ । विडम्बना चाहिँ कहाँनिर छ भने यसरी भोकका कारण नागरिकले ज्यान गुमाइहँदा राज्य त्यसप्रति कत्ति संदेनशील छैन र उसले कोरोनाका कारण मृत्यु हुने सूचीको अद्यावधीरणलाई नै आफ्नो मुख्य कर्म बनाएको छ । मलर सदाको मृत्यु यही संवेदनहीनताको परिणति हो ।

कोरोना, बन्दाबनन्दी, भोक र मृत्युको कुरा गर्दा राजधानीमै भारी बोकेर जीविका निर्वाह गर्ने सूर्यबहादुर तामाङको कीर्तिपुर, त्रिवि गेटनिर सडकपेटीमा भएको अकालमृत्यु अर्को ठुलो त्रासदीजन्य घटना हो जसले राज्यलाई छोएन, तर मानवीय संवेदना भएका स्रष्टाहरूलाई हल्लायोस तिनलाई विचलित तुल्यायो र आक्रोशित पनि बनायो । परिणामस्वरूप सूर्यबहादुरको बिम्ब कवितामा यसरी अभिव्यक्त भयोः

*ठीक कीर्तिपुर गेटनेर*
*जेठको उखरमाउलो गर्मीलाई गिज्याउँदै*
*भर्खरै ढलेको छ, एउटा बूढो पृथ्वी*
*उसका दुई चिम्सा आँखाहरू*
*बिना पलक अपहृत र अधुरा*
*लुटिएका र चिथोरिएका*
*हत्या गरिएका वीभत्स सपनाहरू खोज्दै*
*चियाइरहेछ*
*माथि माथि आकाशतिर ।*
*म देखिरहेको छु-*
*अभावको भारी खेप्दाखेप्दा उसको थाप्लोमा*
*यो देशको नक्साभन्दा लामो खोपिल्टो परेको छ ।*
*निधारका डोबहरू*
*यो देशको क्षेत्रफल जस्तै खुम्चिएका छन् ।*
*फुल्नै नपाई टाउकोबाट*
*बेपत्ता भएको छ आधा कपाल ।*
*उसको गालामा लामा लामा कुलेसा जस्ता*
*खाल्टाहरू छन् ।*
*वर्षौंदेखि भोकको नदी*
*त्यही खाल्डाखुल्डी भएर खहरिएको हुनुपर्छ ।*
*उसको थेप्चो नाकर खडेरी परेको ओठ*
*हिउँ रित्तिएको चट्टान जस्तो चिउँडो*
*बैरागले सुकेको घाँटी*
*विभेदको साम्राज्य बोक्दाबोक्दा मक्किएको काँध*
*उत्पीडनको भारी बोक्दाबोक्दा कुप्रिएको ढाड*
*सडकपेटीमा लम्पसार उसको बेवारिस लाससँगै*
*गिज्याइरहेछ हामीलाई*
*हामी बाँचेको व्यवस्थालाई ।*

**(मुक्तान थेवा, 'कीर्तिपुर गेटछेउ ढलिरहेको एउटा बूढो पृथ्वी', फेसबुक वालबाट)**

'विभेदको साम्राज्य बोक्दाबोक्दा मक्किएको काँध', 'उत्पीडनको भारी बोक्दा बोक्दा कुप्रिएको ढाड' र 'हिउँ रित्तिएको चट्टान जस्तो चिउँडो' लिएर 'सडक पेटीमा लम्पसार परेको लास' का यी बिम्बहरू भोकको त्रासद परिणतिलाई व्यक्त गर्ने अत्यन्त प्रभावशाली र मर्मस्पर्शी छन् । भोकले असमयमै बुढो र क्षीण बनेको राज्यद्वारा उपेक्षित सूर्य तामाङको बेवारिस मृत्युले कविका भनाइजस्तै हामीलाई, हाम्रो सभ्यतालाई गिज्याइरहेको छ तर उनले भनेभैँ यो व्यवस्थालाई यस गिज्याइले कुनै प्रभाव पारिरहेको छैनरपर्दैन किनभने पुँजीवादी (त्यसमा पनि दलाल पुँजीवादी) अर्थप्रणाली र राज्यव्यवस्थाका लागि सूर्य तामाङ जस्ता श्रमजीवी सीमान्त मानिसको कुनै मूल्य हुँदैन, न उसका जीवनको न मृत्युको । यस्तो व्यवस्थामा उनीहरू मूल्यहीन बाँच्न र मूल्यहीन नै मृत्यु बेहोर्न विवश छन् । कुरा यत्ति हो कि कोरोना र बन्दाबन्दीको परिघटनाले यस कुरूप सत्यलाई सजिलै नाङ्गो बनाएर प्रस्तुत गऱ्यो ।

मलर सदा र सूर्य तामाङहरूको यस मृत्यु प्रकरणले धेरै संवेदनशील कविहरूलाई हल्लायो, चिमोट्यो र सन्तप्त तुल्यायो । थुप्रै कविताहरू लेखिए यसै प्रकरणलाई मूल आलम्ब बनाएर । सडक पनि प्रतिबन्धित भएका बेला आक्रोश, असन्तुष्टि र विद्रोह पोखिने अपेक्षाकृत सजिलो ठाउँ सिर्जनाकै बारी हो । त्यसैले कविरसर्जकहरू यसमै ज्यादा पोखिए । सबै कविको उल्लेख त यहाँ सम्भव छैन तर यसै प्रकरणसँग गहिरो गरी जोडिएको कवि शरद पौडेलको 'सूर्यबहादुरको मृत्युमा' शीर्षक कविताको यो उद्धरण प्रस्तुत गर्नु आवश्यक ठान्दछुः

*ऊ ढल्यो ।*
*भोकले ढल्यो ।*
*उर्दीका कहरले ढल्यो ।*
*कुनै तामझाम बिना नै*
*हातमा नाम्लो लिएरै ढल्यो ।*
*फेरि कहिल्यै नउठ्ने गरी*
*दोबाटोमै ढल्यो ।*
*साझा सडकमै ढल्यो ।।*
*भोकको डढेलोले जल्यो र ढल्यो ।*
*ऊ ढल्दा,*
*पर कतै महलका शीरमा*
*सत्ताको धुरी हुँदो*
*फहराइरहेको रलहराइरहेको*
*रातो झन्डा हेरेर ढल्यो ।*
*समृद्ध समाजवाद मुन्तिर*
*दलालहरूका गीत सुन्दै ढल्यो ।*
*भ्रष्टाचारी रकुशासनका*
*सत्तासीन कुपात्रहरूको सूची लिएर ढल्यो ।*

**(फेसबुक वालबाट)**

रातो झण्डा फहराएर समृद्धिको गीत गाउने सत्तासीन पात्रहरू विराजमान महलका मन्तिर पेटीमा रातो झन्डा हेर्दै 'भोकको डढेलोले जलेर मर्नु'को यो विडम्बना साँच्चै शक्तिशाली व्यङ्ग्य हो, समाजवादको नाउँ लिएर रातो झण्डामुनि (दलाल) पुँजीवादको स्वार्थरक्षामा तल्लिन शासकहरूलाई । कवि उपासक, कवि बलराम, कवि थेवा र कवि शरद सबैले यो व्यङ्ग्य बोलेका छन् र प्रहार गरेका छन् । वास्तवमा कोरोना क्रूर हो कि पुँजीवादरपुँजीवादी सत्ता क्रूर हो, यसको जवाफ यी कविताले दिन खोजेका छन् । कोरोना त प्रकृति हो । कुनै प्रयोगशालीय मानवनिर्मिति होइन । त्यसैले त्यसलाई क्रूर करार दिएर मानवद्वेषी शासकहरू (विशेषतः पुँजीवाद)लाई उन्मुक्ति दिनु न्यायोचित हुन सक्दैन । पुँजी आर्जनको होडमा प्रकृतिको अराजक दोहन र मानवेतर जीवहरूको आश्रयको ध्वंसनले निम्त्याएको सङ्कट हो यो र यसको समाधान मानवीय संवेदनालाई पन्छाएर केवल प्राविधिक र कानुनी रूपले सम्भव थिएनर छैन तर सत्तासीनहरूलाई लाग्यो फगत उर्दी जारी गरेर यो समस्या समाधान हुन्छ । गर्नैपर्ने अवस्थामा निश्चित अवधिका लागि बन्द गर्नुपर्ने अन्तर्राष्ट्रिय आवागमन थियो होला तर देशभित्रै यसरी बन्दाबन्दीको उर्दी जारी गरियो कि आफ्नै देशभित्र श्रमजीवी नागरिकहरू देशविहीन बनाइए । घर नहुनुको र हुनेको पनि घर बिरानो रसुदूर यात्राको वस्तु बन्नुले जुन हृदयस्पर्शी दृश्यको निर्माण मुलुकमा भयो, त्यो अत्यन्त संवेदनशील विषय थियो । नाङ्गो खुट्टा, लालाबाला बोकेर 'घर' भन्ने वस्तु खोज्दै सुदूर तर अनिश्चित यात्रामा निस्किएको लामबन्दी कोरोनाले दिने भौतिक पीडाभन्दा कम पीडादायी थिएन । विडम्बना, शासकहरूले त्यसको प्रतिवाद गर्दै भनेः 'भावनाले कोरोना विरुद्धको लडाइँ जितिन्न' । उनीहरूले भनेको त्यो जीत कसका लागि थियो ? प्रबुद्ध तथा संवेदनशील मानिसहरूलाई लागिरह्यो । तिनै मध्येका एक संवेदनशील कवि भूपाल राईले प्रतिवाद गरे कवितामाः

*बोकेको छु झोलामा*
*दसौं दिनको गरुङ्गो भोक*
*खुट्टामा हाँकिरहेछु सयौं किलोमिटरको थकान*
*सुकाइरहेछु आँखामा आँसुको गण्डकी*
*जुन दिनदेखि बन्द भयो*
*तपाईंको घरको ढोका*
*तपाईंका कारखाना, औजार*
*र तपाईंकै हातबाट खस्ने तपतप*
*मेरो रगतको थोपा जस्तो ज्याला*
*त्यही दिनदेखि खुलेको हो मेरो घरको बाटो ।*
*एउटै लागिरहेछ*
*यतिखेर मलाई*
*तपाईंको बन्द झ्याल र लकडाउन सरकार*
*जो सोच्छ कि*
*आफू ठिक भए ठिक हुन्छ सबथोक*
*आफू बन्द भएपछि*
*बन्द हुन्छ गरिबको पेट*
*जसले दिएको छ*
*सङ्कटको यस घडीमा*
*एक अनुपम छनोटको सुविधा मलाई*
*'कि म भोक रोजुँ*
*अथवा रोग?'*
*रोग त कहिले आइपुग्ने हो*
*मेरो फोक्सोको नलीसम्म'*
*मलाई थाहा छैन*
*त्यसै पनि यो आइरहेकै छ, गैरहेकै छ*
*तर भोक त सर्वदा मेरो पेटभित्रै छ*
*जो हरेक साँझ बिहान आइरहन्छ*
*मात्र आइरहन्छ ।*

**('लकडाउनमा आफ्नो घर फर्किरहेछु म', २०७७ बैसाख ३, नयाा पत्रिका)**

स्पष्ट वर्गीय सम्बन्धको र वर्गबोधको अभिव्यक्ति छ यहाँ । शासकहरूले 'लकडाउन'को घोषणा गरे । राजधानीको ढोका बन्द भयो तिनका लागि जो सुदूर प्रदेशबाट भोक मेट्ने जोहोमा काठमाडौं आइबसेका थिए । यति बेला देश र घरको परिभाषा फेरियो । कविका शब्दमा भन्दा सरकार (सम्भ्रान्त शासक)लाई लाग्योः बन्द भनेपछि मजदुरहरूहरूको पेट पनि बन्द हुन्छ तर भोक त जीवनको पर्याय हो, बिहान बेलुकै आउँछ । बाहिरको रोग पछि आउला तर भित्रै रहेको भोकले रोगलाई आत्मीय साथी बनाएकै छ । त्यसले कसैको आमन्त्रण पर्खिंदैन । परिणाममा त्यसले मलर सदा र सूर्य तामाङको नियति जन्माउँछ । सत्तालाई भोक थाहा छैन, हुँदैन । त्यसैले, भोकले जन्माउने मलर सदा वा सूर्य तामाङको नियति र त्यसै नियतिको नियात्रामा हिँड्न विवश नाङ्गो पाइतालाको लामबन्दी उसका लागि सरोकार र संवेदनाको विषय होइनरभएन । तर कवि कसरी असंवेदनशील मूकद्रष्टा बन्न सक्छ ! भूपाल राईको यो कविता त्यही चिन्ता र संवेदनाको परिणाम हो । सयौं किलोमिटरको कष्टकर यात्रा गर्दा 'आँखामा आँसुको गण्डकी सुकेको' सत्ताले होइन, कविले अनुभव गर्छ । कवि भूपालले अनुभव गरे र लेखेः

*माल्नुस्*
*उस्तै छ तपाईंको सहर र नितान्त मौलिक सरकार*
*जसले एक रातको अतिरिक्त सौजन्यता*
*र एक छाकको सानो अनुकम्पा समेत*
*बाँड्न सकेन मलाई*
*र पहिलो चोटि यस्तो लागिरहेछ*
*कि तपाईंको सहर कदाचित मेरो देश हैन ।*
*पहिलो चोटि भन्न म असमर्थ छु*
*कि तपाईंको देश मेरो लागि पराया देश हैन*
*त्यसैले पैदलै पैदल खाली खुट्टा*
*म आफ्नो देश भेट्न दौडिरहेछु*
*कि म यतिखेर घर फर्किरहेछु ।*

देशभित्र देशविहीन हुनुको यो पीडा सरकारले, सत्ताले बोध गर्न सक्दैन । वर्गबोधी संवेदनशील व्यक्तिरस्रष्टाले बोध गर्छ । यो सत्ता सम्भ्रान्त पुँजीपति वर्गको हो (कुर्सीमा बस्नेको अनुहार जो भए पनि), त्यसैले खाली खुट्टा देश रघर खोज्न हिँड्नेको पीडा ऊ बुझ्दैन । वर्गबोधी कविले यो पीडा बोध गर्छ र केवल रोइलो मात्रै व्यक्त गर्दैन ऊ । ऊ विद्रोह पनि बोल्छ किनभने विद्रोह जरुरी छ, सत्ताको यस संवेदनहीनता र मानवद्वेषी आचारका विरुद्ध । त्यसैले सुदूर देशरघरको गन्तव्य प्राप्तिमा निस्किएका श्रमजीवीहरूका तर्फबाट कविले विद्रोह पनि बोलेका छन्ः

*कहिले भुत्क्याउँछ होला मेरो सास*
*यस महामारिले ?*
*ठ्याक्कै भन्न सक्दिन*
*तर म भन्न सक्छु*
*हज्जारौं वर्ष अघिदेखि नै*
*लकडाउनमा छ मेरो पेट*
*र त्यतिकै वर्ष पुरानो हो*
*यो लकडाउनसँग मेरो लडाइँ*
*सरकार सोधिरहेछ यतिखेर मेरो इच्छामृत्यु*
*जो उसैको सुबिधा अनुसार*
*मरिदिनलाई दौडिरहेछु*
*यदि यही महाव्याधिको भ्रूणबाट*
*अथवा मेरो मृत्युको गर्भबाट*
*मेरै अन्तिम पुस्ताको जन्म हुन्छ भने*
*फेरि एकपटक*
*म भोकले मर्नुभन्दा अगाडि*
*रोगले मर्न तयार छु ।*

वर्गद्वेषी सत्ताको आरम्भयता (दासयुगदेखि आजको पुँजीवादसम्म)को अवधिसम्म श्रमजीवी वर्गको पेट 'लकडाउन'मै रहेको सत्य कविले उद्घाटित गरेका छन् र त्यहींदेखि आजसम्म यो 'लकडाउन'सँग यस वर्गको लडाइँ जारी छ । सत्ता चाहन्छ, ऊ यसै गरी हिँड्दाहिँड्दै इच्छामृत्यु वरण गरोस् । तर ऊ एउटा सर्तमा मृत्यु वरण गर्न तयार छ, यदि यस महाव्याधिका भ्रूणबाट उसको अर्को त्यस्तो पुस्ता जन्मियोस जसले यो हजारौं वर्षको भोकका विरुद्धको र भोकलाई कायम राखिराख्ने सत्ताका विरुद्धको लडाइँलाई जारी राख्न सकोस् । वास्तवमा कवि भूपाल राईको यो कविता प्रखर इतिहास चेतनाले समृद्ध कविता पनि हो । यसमा मानवसमाजका इतिहासमा वर्गद्वेषी सभ्यता र सत्ताको निर्माण र त्यसका विरुद्ध भोकाहरू र श्रमजीवीहरूको सङ्घर्षको आवश्यकता र यथार्थलाई निकै सुन्दर र संवेदनशील ढङ्गले अभिव्यक्त गरिएको छ । मलाई लाग्छ यो यस समयको शक्तिशाली कवितामध्येकै एक हो । शब्दचयन, बिम्बनिर्माण र विचारको स्पष्टता, यी सबमा जुन कौशल यसमा छ, त्यसले कवितालाई कलात्मक त बनाएकै छ, कलात्मक अस्त्रबाट वर्गद्वेषी, मानवद्वेषी सत्ता र सभ्यतालाई उत्तिकै तीव्र प्रहार पनि गरेको छ । अनि यसो गरेर यसले सुन्दर कविताको धर्म निर्वाह गरेको छ ।

वर्गबोधी सचेत स्रष्टाको दायित्व परिस्थिति वा जीवनभोगाइको रोइलो गाउनु वा निष्क्रिय अभिव्यक्ति गर्नु नभई त्यसका कारकको अन्वेषण र त्यप्रतिको प्रतिरोधी चेतनाको अभिव्यक्ति पनि हो । अथवा भनौं, मानव जीवनका परिघटनालाई सभ्यताको ऐतिहासिक विकासका प्रक्रियामा हेर्नु र मानवताविरोधी प्रवृत्तिप्रति विद्रोह व्यक्त गर्नु पनि हो । कविता केवल स्थितिबोधक संज्ञानी हुनु मात्र पर्याप्त छैन । यसले कुरूपता र मानवद्वेषी कलुषताका विरुद्ध जेहादी पनि बन्नै पर्छ किनभने यो समय यस्तै छ । त्यसैले मार्क्ससवादी कविहरू प्रायः जेहादी छन् र सत्ताको संवेदनहीनताप्रति विद्रोही बनेका छन् । जगदीशचन्द्र भण्डारी त्यस्तै जेहादी कवि हुन् । कोरोना प्रकरणलाई नै कथ्य बनाएर लेखिएको 'ओ ! कोरोना' कवितामा उनी भन्छन्ः

*ओ □ कोरोना*
*मेरो दुस्मन*
*मैले मन नपराए पनि*
*मसँग बलात् टाँसिएको*
*ओ □ कोरोना*
*तेरो कहर*
*विश्वव्यापीरदेशव्यापी*
*सत्ताआतङ्क भैँ*
*तेरो भयरतेरो जहर*
*कति खेप्नुरकति भोग्नु*
*बरु आइज*
*साँठगाँठ गरुँ*
*अथवा*
*आमने सामने अन्तिम युद्ध लडुँ*
*भोक मारुँरशोक मारुँ*
*जीवनका अँध्यारा आँखा फोरुँ ।*

**(२०७७ मंसिर, फेसबुक वालबाट)**

कोरोनाकहरलाई सत्ताआतङ्कसँग जोड्दै कवि भण्डारीले त्यससँग अन्तिम युद्ध लड्ने उद्घोष गरेका छन् र आमन्त्रण दिएका छन् । वास्तवमा यो प्रकारान्तरले मानवद्वेषी सत्तासँगै युद्धको आमन्त्रण हो- अँध्यारोका विरुद्ध, भोक र शोकका विरुद्ध ।

कवि मित्रलाल पंज्ञानी पनि कोरोनाले सिर्जना गरेको परिवेशलाई वर्गबोधी कोणबाट हेर्छन् । यसले सत्ताको (विश्वसत्तासमेत) वर्गचरित्रलाई चिन्ने र चिनाउने राम्रो अवसर दिएको अनुभव गर्छन् उनी । 'शुभ बेला भयो अब' शीर्षक कवितामा उनी लेख्छन्ः

*के रच्यौ ? दुनिया मुर्दाखानाजस्तो हुँदै गयो*
*हारी जीवनको मुद्दा न्याय आफै रुँदै गयो*
*कोरोनाकालले यौटा वर्गरेखा सफा गर्यो*
*छ्याङ्ङै भो, देखियो जम्मै, कुन मान्छे कता पर्यो ।*

वास्तवमै कोरोनाकालले मानवद्वेषी वर्ग र सत्ताको चरित्रलाई कविले बाँकी ८ पेजमा

## जीवनसाथी...

छोरीको काल भएको हो। जम्मा ७ छोरा छोरी मध्ये ३ गुमाएको कुरा बताउनु भयो।

एउटा व्यक्तिको सफलताका पछाडि स्त्रीको हात हुन्छ भन्ने कुरा उहाँको जीवनबाट पनि प्रमाणित हुन्छ। उहाँको श्रीमान् कमरेड हर्कबहादुर शाही एक सफल पुरुष बन्नुमा उहाँको ठुलो हात रहेको देखिन्छ तर रातदिन जनताको मुक्तिको काममा व्यस्त रहनाले घरको स्थिति बिग्रदै गएको थियो। वि.सं. २०४२ सालमा पञ्चायतविरोधी आन्दोलनहरूमा संलग्न रहेको कारण रामराजा प्रतापको बमकाण्डको आरोप लगाउँदै कम्रेड हर्कबहादुर शाहीलाई तत्कालीन सरकारले गिरफ्तार गरी नानाथरि कुरा सुनाउँथे कसैले हेलिकप्टरमा अष्ट्रेलियाको जंगलमा लियर फालिदियो, भन्ने खबर सुनाउँदा ठुलो संकट आईलागेको थियो। घरमा खाने कुराको समस्या थियो। एउटा काली भैसीको दुध मात्र खाएर ५ परिवार पालिने गरेको थियो। त्यही काली भैसी पनि विरामी परेर मरेपछि अभाव र दुःखको आँधिबेहेरी कसरी पार गरियो आज सपनाजस्तो लाग्दछ भन्नु हुन्छ। पटक-पटकको जेलनेल नजर बन्दीले घरमा बस्न नसक्ने स्थिति भएपछि कम्रेड हर्कबहादुर शाही मुलान पस्दा झन बेसहारा स्थितिको सामना गर्दै त्यस्तो कष्टकर अवस्थामा कसरी आफू बाँचियो कसरी लालाबाला बचाइयो थाहै भएन।

पढाइलेखाइ नभए पनि संस्कृति र संस्कारका हिसावले प्रशिक्षित नैनकला शाही आफ्नो जवानी अवस्थामा बनपाखामा न्याउले भाकासँग काम गर्दा समय गएको पत्तै नहुने, गोठाला जाँदा खोलाका माछा मारेर साथीसँगी बसेर खाने काफल, ऐँसेलु, गुयँली, मलेउ, खजुरी खाँदै बनजंगल, पाखापखेराहरूमा जीवन बिताउने गरेको कुरा बताउनु हुन्छ। असारे गीतसँगै हात घुमाएर छुपु र छुपु धानको बिउ रोपेको रमाइलो, छैट, रतेउलीमा मागल गाउँदै रमाएको कुरा स्मरणीय छन् भन्नुहुन्छ। खेतका गडाहरूमा पुतलीसँग साउँको विहे गरिदिएर हिलो खेल्ने चलन असाध्यै रमाइलो हुने कुरा गर्दै दृष्य याद गर्नुहुन्छ। यी सबै उहाँका ब्याख्याहरूबाट उहाँ संस्कृतिप्रेमी एक संस्कारी महिला हुनुहुन्छ।

केही सुख केही दुःख गर्दै छोराछोरीहरूलाई शिक्षादीक्षाका लागि अनुकुल वातावरण मिलाउन सकेको कुरा बताउनु हुन्छ। श्रीमान् समाजसुधारक, शिक्षाप्रेमी भएको र घरपरिवारमा पनि त्यस्तो खालको खासै समस्या नभएको कारण छोराछोरीहरूलाई पढाइलेखाइमा सधै अनुकुल परिस्थिति दिलाउन सफल भएको कुरा बताउनु हुन्छ। हाल सबै छोरा छोरीहरू आ-आफ्नो काम धन्दामा सफल, बिहेवारी भई नाति नातिना कुनै कुचित नरहेको बताउनु हुन्छ। छोरा छोरीका सबै गरी १२ नातिनातिना रहेका छन्। तर उहाँको श्रीमान्को मृत्युले बेजोडी हुनुको भावनात्मक पीडा भने बताउँदै भावुकताले निःशब्द हुनुभयो।

*साभार कमरेड हर्कबहादुर शाही'दिनेश' स्मृतिग्रन्थ मंसिर २०७७*

## नेकपा...

राजनीतिक विषय र अहिले विकसित भईरहेका घटनाक्रमहरूबारे छलफल गरिएको जनाइएको छ। उक्त भेटमा २३ दलीय कार्यगत एकता र चारदलीय क्रान्तिकारी संयुक्त मोर्चाबारे पनि छलफल गरिएको जनाइएको छ।

केही दिन अघि ललितपुर र मकवानपुरको सीमा क्षेत्रमा प्रहरीले चलाएको सर्च अप्रेसनमा नेता बास्तोलालगायत पार्टीका तीन जना कार्यकर्ताहरू पनि पक्राउ गरिएका थिए र उनीहरू सबैलाई अहिले जिप्रका ललितपुरको जावलाखेलमा राखिएको छ।

पक्राउ परेका नेता बास्तोला सो पार्टीका सचिवालय सदस्य तथा तेस्रो बरियताका नेता हुन्। र उक्त क्षेत्रमा आयोजित एक प्रशिक्षण कार्यक्रमपछि फर्कने क्रममा सुराकीको आधारमा उहाँहरू पक्राउ परेको जनाइएको छ। प्रहरी अपरेशनको क्रममा नेताहरू खड्ग विश्वकर्मा प्रकाण्ड र चिरण पुन भने प्रहरी घेरा तोडेर भाग्न सफल भएको बताइएको छ भने नेता बास्तोलासहित प्रकाश शाही , बिबेक कुमाल र विश्वाशलाई प्रहरीले गिरफ्तार गरेको बुझिएको छ। जिल्ला प्रहरी कार्यालय जवलाखेल प्रमुख किरण बज्राचार्यले गजुरेललाई दिएको जानकारी अनुसार उहाँमाथि खासै कुनै फौजदारी अभियोग लगाइएको छैन र उहाँमाथि आवश्यक अनुसन्धान पछि कानुनी प्रक्रियामा लगिने छ।

त्यसैगरी नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (विप्लव), नेकपा (ऋषि कट्टेल) र वैज्ञानिक समाजवादी पार्टीले संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै प्रतिबन्धित नेकपाका सचिवालय सदस्य तथा अन्तर्राष्ट्रिय विभाग प्रमुख धर्मेन्द्र बास्तोला'कञ्चन'को गिरफ्तारीलाई ओली सरकारको फासीवादी कार्यको संज्ञा दिएका छन्। चार वटै पार्टीका शीर्ष नेतृत्वको हस्ताक्षरमा जारी विज्ञप्तिमा भिन्न विचार राखेकै कारण गरिएको गिरफ्तारी निन्दनीय र ओली सरकारको फासिवादी कार्य भएको भन्दै विनाशर्त अविलम्ब रिहाई गर्न जोडदार माग गरिएको छ।

बिहीबार जारी गरिएको विज्ञप्तिमा उहाँहरू लगायत बन्दी जीवन बिताइरहनु भएका सम्पूर्ण राजबन्दीहरूको रिहाईका लागि आवाज उठाउन सम्पूर्ण वामपन्थी, प्रगतिशील, मानवअधिकारवादी, गणतन्त्रवादी तथा देशभक्त शक्ति एवम् व्यक्तिहरूलाई विशेष अनुरोध गरिएको छ।

उक्त अवसरमा अखिल (क्रान्तिकारी)का अध्यक्ष तथा देजमो नेपालका केन्द्रीय सचिवालय सदस्य हरिकृष्ण गजुरेलको पनि उपस्थिति थियो।

## क्रान्तिकारी युवा...

असल तामाङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नवगठित कमिटिलाई पार्टी केस तथा जिल्ला इन्चार्ज सरले बधाई तथा शुभकामना मन्तव्य राख्नु भएको थियो।

भेलामा पार्टी जिल्ला सेक्रेटरी खगेन्द्र छन्त्याल, , देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका काठमाडौं अध्यक्ष बन्धुदेव पाण्डे लगायतका नेताहरूको विशेष उपस्थिति रहेको थियो।

भेलालाई सम्बोधन गर्दै प्रमुख अतिथि तथा क्रान्तिकारी युवा लिगका अध्यक्ष मर्हजनले देशमा विकसित राजनीतिक परिस्थितिले नयाँ जनवादी क्रान्तिलाई सन्निकट बनाएको विश्लेषण गर्दै समाजको आमूल परिवर्तनको संघर्षमा फेरि पनि युवाहरूले निर्णायक भूमिका खेल्ने बेला आएको बताउनु भयो। उहाँले युवाहरूलाई संगठित भएर क्रान्तिको ऐतिहासिक अभिभारा पूरा गर्ने दिशामा अगाडि बढ्न आव्हान समेत गर्नुभयो।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विकराल समस्याहरूको वास्तविक समाधान नयाँ जनवादी क्रान्तिबाट मात्र सम्भव हुने भन्दै अहिलेको स्थितिमा संघीय जनगणतन्त्र नै एक मात्र अग्रगामी विकल्प भएकोमा जोड दिनुभयो।

## बासमती...

विश्व संस्थाहरूमा नेपाल सरकारले आफ्ना बालीनाली र जैविक बनस्पतिहरूको सुरक्षा र बिकास गर्ने तर्फ थप ठोस र प्रभावकारी कदम चाल्न तदारुखता देखाओस भन्ने पनि हामी चार किसान संगठन जोडदार माग गर्दछौं।

यो प्याटेण्टको समस्या नेपालको पहिचान,स्वाधीनता, आत्मनिर्भरता र जन अधिकारकार त्यसमा पनि बिशेषतः किसान वर्गको अधिकारसँग समेत अभिन्नरूपमा जोडिएको हुनाले नव औपनिवेशिक दोहनका बिरुद्ध नेपाली रैथाने बिबिध बालीनालीहरू र बनस्पति लगायतका श्रोत साधनरुको सुरक्षा र सम्वर्द्धन गर्न बिशेष ध्यान दिनुपर्ने कुरामा हामी अधिकतम जोड दिन चाहन्छौं।

*भैरबराज रेग्मी*
*अध्यक्ष*
*अखिल नेपाल किसान महासंघ(अफ्फा)*

*सीताराम तामाङ*
*अध्यक्ष*
*अखिल नेपाल किसान महासंघ(क्रान्तिकारी)*

*लोकनारायण*
*अध्यक्ष*
*अखिल नेपाल किसान यूनियन*

*सुवेदी कृष्ण राना*
*इञ्चार्ज*
*अखिल नेपाल प्रगतिशील किसान संघ*
*२०७७ पौष २५*

## देशको...

प्रशिक्षण कार्यक्रमका प्रमुख अतिथि प्रा. डा. ओम गुरुंगले देशको वर्तमान राजनीतिक घटनाक्रम र आदिवासी जनजातिका सरोकारका विषयमा दिए प्रशिक्षण

अखिल नेपाल मगर राष्ट्रिय मुक्ति मोर्चाको अध्यक्ष कं. निल बहादुर पुनको अध्यक्षता र अखिल नेपाल आदिवासी जनजाति महासंघको केन्द्रीय अध्यक्ष प्रा. डा. ओम गुरुंगको प्रमुख आतिथ्यता मा सम्पन्न उक्त प्रशिक्षण कार्यक्रममा प्रमुख अतिथि प्रा. डा. ओम गुरुंगले देशको वर्तमान राजनीतिक घटनाक्रम र आदिवासी जनजातिका सरोकार, महासंघका महासचिब कं. नगेन्द्र राईले जनजाति सवाल र मार्क्सवादी दृष्टिकोण, अखिल नेपाल तमु राष्ट्रिय मुक्तिमोर्चाका अध्यक्ष कं. कृष्ण गुरुंगले आदिवासी सवालमा जनयुद्ध कालिन मुद्दा र बर्तमान अवस्था बिषयहरूमा प्रशिक्षण दिएका थिए। ज्ञात तथा अज्ञात शहिदहरूप्रति एक मिनट मौन धारण गरी सुरु गरिएको प्रशिक्षण कार्यक्रममा अखिल नेपाल छन्त्याल राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष कं. बम बहादुर छन्त्यालले स्वागत मन्तब्य राखेका थिए भने नेकपा (क्रान्तिकारी) माओवादी ४ नम्बेर प्रदेस इन्चार्ज कं. अटल र प्रदेश सचिव कं. किशोरले शुभकामना मन्तब्य राखेका थिए। अखिल नेपाल तमु राष्ट्रिय मुक्ति मोर्चाका सचिब कं. पूर्ण बहादुर गुरुंगले संचालन गरेका प्रशिक्षण कार्यक्रममा, कास्की, तनहु, पर्बत, बाग्लुंग, रूपन्देही, नवल परासी, गुल्मी, पाल्पा र काठमाडौं जिल्लाहरूबाट महिला/पुरुष गरी २५ जनाको सहभागी थियो।

प्रशिक्षण कार्यक्रम समापनपछि अखिल नेपाल आदिवासी जनजाति महासंघको केन्द्रिय समितिको मिति २०७७ साल पुष २६ गते काठमाडौंमा सम्पन्न बैठकले गरेका निर्णयहरू, मगर, गुरुङ र छन्त्याल मुक्ति मोर्चाहरूले आयोजना गरेको प्रशिक्षण कार्यक्रम सार्बजनीक गर्ने तथा पुस ५ गते डबल नेकपा सरकारको प्रधानमन्त्री केपी ओली के गरेको संसद बिघटन सम्बन्धि महासंघको धारणा स्पस्ट पार्ने उदेश्यले पोखरा न्युरोड स्थित बैना दोहोरी साँफको हलमा पत्रकार सम्मेलन आयोजना गरिएको थियो।

## नेपालमा...

आकांक्षा र अपेक्षालाई पूरा गर्न सकेन। संविधानले न नेपाली समाजको विशेषताअनुरूप बहुल राष्ट्रिय राज्यको अवधारणालाई आत्मसात गर्न सक्यो नत नेपालका आदिवासी जनजातिहरूको पहिचानलाई संवैधानिक मान्यता दिन र उनीहरूको अधिकारलाई स्थापित गर्न सक्यो। संविधानले आदिवासी जनजातिहरूले माग गरेअनुसार जातीय पहिचानको आधारमा संघीय प्रदेशहरूको निर्माण गर्न पनि सकेन। सविधानले त आदिवासी जनजातिहरूको चाहना र भावना विपरीत नेपाललाई ७ प्रदेशमा विभाजित गरी ती प्रदेशको नामकरण पहिचानको आधारमा नगरी संख्याको आधारमा गरिदिएको छ। संविधानले गरेको धर्म निरपेक्षताको व्याख्या र गाईलाई दिईको राष्ट्रिय जनावरको मान्यताले नेपालमा पुन हिन्दु राज्य फर्काउन कसरत गरिरहेका पुनारोत्थानवादी शक्तिहरूको राजनीतिक अभिष्ट पूरा गराउनतिर लक्षित भएको देखिन्छ। त्यसैगरी, देवनागरिक लिपिमा लेखिएको खस नेपाली भाषालाई दिईको सरकारी भाषाको मान्यताले नेपालमा बोलिने अन्य भाषाहरूको अस्तित्व मेटाएको छ। संक्षेपमा संविधानले बरु उल्टै नेपालमा सदियौंदेखि वर्ग, जाति, भाषा, धर्म, लिङ्ग र क्षेत्रको आधारमा भइरहेका सामाजिक विभेद र राजनीतिक उत्पीडनलाई यथावत रूपमा निरन्तरता प्रदान गर्ने काम गरेको छ। त्यसैले यस्तो यथास्थितिवादी र विभेदकारी संविधानलाई नेपालका आदिवासी जनजातिहरूले स्वीकार गर्न सकेनन् र यथावत कायमै राखेकोले नेपालका आदिवासी जनजातिहरूले यो संविधानलाई स्वीकार गरेका छैनन् र संविधान जारी भएको दिन अशोज ३ लाइ कालो दिन तथा नयाँ संविधानलाई प्रतिगामी संविधान को संज्ञा दिन बाध्य भएका छन्।

पहिचानबारे सत्तासीन नेकपा र नेपाली कांग्रेसको गलत बुझाइ

नेपालका आदिवासी जनजातिहरूले लामो समयदेखि राज्यको पुनर्संरचना जातीय पहिचानको आधारमा हुनुपर्दछ भन्ने मुद्दा अहिलेसम्म छाडेका छैनन्। जातीय पहिचानको सवाललाई लिएर आदिवासी जनजातिहरू कुनै न कुनै रूपमा निरन्तर आन्दोलित छन्। तर वर्तमान नेकपाको सरकार र नेपाली कांग्रेसले पहिचानको मुद्दालाई अत्यन्त संकीर्ण र साम्प्रदायिक जातिवादी दृष्टिकोणले हेर्ने हुँदा आजसम्म पनि पहिचानको मुद्दाले नेपालको राज्य संरचना र राज्यसत्तामा उचित स्थान पाउन सकेको छैन। १० बर्षे जनयुद्धकालमा तत्कालिन नेकपा (माओवादी)ले पहिचानको मुद्दालाई सशक्त रूपमा उठाएको थियो। तर अहिले सत्ता स्वार्थकै कारण उसले नेकपा (एमाले)सँग पार्टी एकता गरेपछि तत्कालिन नेकपा (माओवादी)को नेतृत्वपंक्ति पनि जातीय पहिचानको सवालमा मौन रहन थालेको छ। उनीहरूको मौनतालाई आदिवासी जनजातिहरूले दुःखद पक्षको रूपमा लिएका छन्।

अहिलेको सरकार र प्रतिपक्ष नेपाली कांग्रेसको नेतृत्वपंक्तिले जातीय पहिचानलाई गलत तरिकाले बुझेका छन् भने तत्कालिन नेकपा (माओवादी)ले बुझेर पनि बुझ पचाए जस्तो गरेको छ। उनीहरूले पहिचानलाई जातको रूपमा बुझ्ने र व्याख्या गर्ने गर्दछन्। उनीहरूले जातको आधारमा संघीय प्रदेशको निर्माण गर्दा देश टुक्रिन्छ, साम्प्रदायिक सद्भाव खल्बलिन्छ, राष्ट्रियता कमजोर हुन्छ र सार्वभौमिकता र क्षेत्रीय अखण्डता खण्डित हुन्छ भन्ने जस्ता एकात्मक र आधारहीन व्याख्या गरेर नेपाली जनतालाई भ्रममा पारेका छन्। तर पहिचान एमाले र नेपाली कांग्रेसले व्याख्या गरेजस्तो जातको मुद्दा नै होइन। पहिचान जाति/समुदायको मुद्दा हो जसलाई अर्को शब्दमा राष्ट्र वा राष्ट्रियताको मुद्दा भनिन्छ। जात र जाति भट्ट हेर्दा र सुन्दा उस्ताउस्तै लागेता पनि यी दुई शब्दको अर्थमा गुणात्मक भिन्नता छ। जात हिन्दु वर्णव्यवस्थामा आधारित विभेदकारी सामाजिक संरचना हो। छुवाछुत, चोखोजुठो, ठूलोसानो र उँचनीचजस्ता सामाजिक विभेद जातप्रथाका विशेषता हुन्। जातप्रथाको सबैभन्दा नराम्रो विभेद सामाजिक बहिष्करण हो। यसले एउटै समाज र समुदायलाई मात्र नभएर एउटै परिवारका सदस्यलाई पनि कुनै निश्चित समय र अवसरको बेला बहिष्करणमा पार्दछ। छाउ प्रथा जातीय विभेदमा आधारित सामाजिक बहिस्करणको ज्वलन्त उदाहरण हो। यस अर्थमा जात विभेदकारी र बहिष्कारी सामाजिक संरचना हो।

त्यसको ठीक विपरीत, जाति समन्यायिक र समावेशी सांस्कृतिक अवधारणा हो। जाति साझा भाषा, साझा संस्कृति, साझा इतिहास, साझा भूगोल र हामी भन्ने साझा मनोविज्ञानजस्ता सामाजिक-सांस्कृतिक विशेषतामा आधारित मानव समुदाय हो। यिनै सांस्कृतिक विशेषताको आधारमा जाति वा समुदायको पहिचान निर्माण हुन्छ। आदिवासी जनजातिहरूले पहिचानको आधारमा राज्य पुनर्संरचनाको माग गर्नुको अर्थ उनीहरूको संस्कृति र सभ्यतालाई राज्यद्वारा सम्मान गर र मान्यता देऊ भनेको हो। आदिवासी जनजातिहरूको माग त्यत्ति मात्र हो। कुनै एउटा निश्चित जात/जातिको लागि मात्र जातीय राज्यको निर्माण गर भन्ने होइन। आदिवासी जनजातिहरू संघीय राज्य/प्रदेशको निर्माण जातीय पहिचानको आधारमा गर्न चाहन्छन् भने शासनसत्तामा सबै जातिको जातीय जनसंख्याअनुसार समावेशी समानुपातिक प्रतिनिधित्व चाहन्छन्। तर तत्कालीन नेकपा एमाले र नेपाली कांग्रेसले काग कराउँदै गर्छ पिना सुक्दै गर्छ भनेझैं गरेका छन्। यो उनीहरूमा पलाएको राजनीतिक तथा शासकीय शक्तिको दम्भ हो। यही दम्भको आधारमा ६ नम्बर प्रदेशलाई कर्णाली प्रदेश नामकरण गरियो भने आदिवासी जनजातिलगायत स्थानीय जनताको चर्को विरोधका बाबजुद पनि ३ नम्बर प्रदेशलाई बागमती, ४ नम्बर प्रदेशलाई गण्डकी र ५ नम्बर प्रदेशलाई लुम्बिनी नामकरण गरिएको छ। यसरी नै क्रमिक रूपमा बाँकी अरु प्रदेशहरूको नामकरण गर्ने तयारी गरिँदैछन्। वास्तवमा पहिचान अमूक र अमूर्त नदीनाला, पहाड पर्वत र भूगोललाई चाहिएको होइन। पहिचान उत्पीडित समुदायलाई चाहिएको हो र त्यसका लागि उनीहरू निरन्तर रूपमा आन्दोलित छन्। तर जननिर्वाचित र लोकतान्त्रिक भनिने वर्तमान सरकारले भने जनताका चाहना र भावनालाई कुल्चेर प्रदेशहरूको नामकरण गरेको छ। सरकारको पहिचान विरोधी कार्यले नेपालमा अर्को द्वन्द्व निम्त्याउने संभावनालाई नकार्न सकिन्न। किनकी सरकारको पहिचानविरोधी कार्यबाट आदिवासी जनजातिहरू थप आक्रोशित र आन्दोलित भएका छन्।

अर्न्तराष्ट्रिय प्रचलनबाट नेपालले सिक्नु पर्ने पाठ

जातीय पहिचानको आधारमा राज्य/प्रदेशको नामकरण गरिनुपर्दछ भन्ने माग र चाहना नेपालका आदिवासी जनजातिको मात्रै माग र चाहना होइन। जातीय पहिचानको आधारमा राज्य/प्रदेशहरूको निर्माण गरिने प्रचलन विश्वव्यापी छ। जातीय पहिचानको आधारमा राज्य/प्रदेशको नामकरण भएको उदाहरण सर्वप्रथम बेलायतबाट लिन सकिन्छ। बेलायत एउटा बहुराष्ट्रिय राज्य हो। त्यहाँका विभिन्न राष्ट्रमा फरक-फरक राष्ट्रिय पहिचानअनुसार नाम दिइएको छ। उदाहरणका लागि इङ्ल्याण्ड इङ्लिस वा अंग्रेज भाषासँग जोडिएको सभ्यता हो। स्कटल्याण्ड ल्याटिन भाषामा गायल भाषा वा अचेल स्कटिस भाषा बोल्नेहरूको राष्ट्र हो। वेल्स केल्टिक भाषा बोल्नेहरूको राष्ट्र हो भने आयरल्याण्ड गायल भाषाकै एक शाखाको रूपमा आइरिस भाषाको विकास र त्यसको नामबाट बनेको राष्ट्र हो। बेलायतको बहु राष्ट्रिय पहिचान ती चार राष्ट्रहरूमा बोलिने फरक फरक भाषा, ती राष्ट्रहरूका फरक फरक झण्डा र फरक फरक मुद्राको प्रयोग बाट झल्किएको छ।

पहिचानको आधारमा प्रदेशहरूको निर्माण भएको अर्को उदाहरण लामो समयसम्म बेलायतकै उपनिवेश भएर रहेको छिमेकी मुलुक भारतबाट पनि लिन सकिन्छ। भारतको २९ राज्यहरूमध्ये पश्चिम बङ्गाल, पन्जाव, महाराष्ट्र, गुजरात, तामिलनाडु, कर्नाटक, उडिसा, आसाम, नागाल्याण्ड, मणिपुर, मेघालय, त्रिपुरा, मिजोराम, सिक्किम राज्यको नामकरण ती राज्यमा बोलिने जातीय भाषाको आधारमा भएको छ। भारतमा एउटै खालका पहिचानका आधारमा प्रदेशको नाम राखिएको पाइँदैन। भारतमा विभिन्न पहिचानलाई स्वीकारिएको छ, चाहे त्यो भाषा या जाति। सबैभन्दा पछिल्लो समयमा भारतमा तिलंगना राज्यको निर्माण पहिचानकै आधारमा भएको एउटा थप उदाहरण पनि छ। भारतको संघात्मक राज्य जातीय तथा मूलतः भाषिक पहिचानको आधारमा गठन भएको हो। यदि भारतमा त्यहाका शासकहरूले जातीय तथा भाषिक पहिचानको सिद्धान्तलाई राज्य निर्माणको आधारको रूपमा स्वीकार नगरेको भए भारत अहिलेको अवस्थामा रहने थियो वा थिएन सो भन्न सकिन्न। केही वर्षयता भारतमा पश्चिम बंगालको दार्जलिंग लगायत पहाडी क्षेत्रका नेपाली मूलका जनताले भाषिक पहिचानकै आधारमा गोर्खा ल्याण्डको माग गरिरहेका छन्।

अमेरिकाका ५० राज्यमध्ये ३० वटा राज्य र क्यानडाका १३ प्रदेशमध्ये ६ प्रदेश र प्रदेशअन्र्तगतका हजारौं क्षेत्रको नामकरण त्यहाँ बस्ने आदिवासी जनजातिका भाषाको आधारमा बनेको छ। गत वर्ष क्यानडा सरकारले क्यानडामा राज्य स्थापना भएको १५०औं वार्षिक उत्सव धुमधामसँग मनाएको थियो। सोही बेला क्यानडाका आदिवासीहरूले भने उक्त अवसरमा बेलायती तथा अमेरिकी साम्राज्यवादीहरूद्वारा क्यानडामा गरिएको १५० वर्षसम्मको औपनिवेशीकरण र हत्या-हिंसाको स्मरण गर्दै त्यसको विरोध प्रदर्शन गरेका थिए। उनीहरूको त्यस बिरोध प्रदर्शनलाई क्यानडाका बुद्धिजीवीलगायत नागरिक समाज, संचारकर्मीहरूले पनि साथ दिएका थिए। अहिले क्यानडामा त्यहाँको सरकारले क्यानडाका आदिवासीहरूको भूमिमाथि विगतमा आफूहरूले कब्जा गरेको र उनीहरूमाथि उत्पीडन भएको तथ्य स्वीकार्दै, आदिवासीहरूको भूमिप्रति सम्मानस्वरूप क्यानडाका विभिन्न ठाउँमा भएका आदिवासी भूमि, सार्वजनिक स्थल, विद्यालय, विश्वविद्यालय, बस्ती, टोल, सडक, सार्वजनिक भवन, निकुञ्ज आदिको आदिवासी भाषामै पुनः नामकरण गर्दैछ। यस सन्दर्भमा क्यानडाको ब्रिटिश कोलम्बिया प्रान्तको भ्यानकुभर शहरस्थित ब्रिटिश कोलम्बिया विश्वविद्यालयले त्यहाँका आदिवासीहरूको सहभागिता र साझेदारीमा एउटा बृहत अनुसन्धान परियोजना संचालन गरिरहेको छ। क्यानाडा देशकै नाम त्यहाँ बसोबास गर्ने इरोक्वेइस जातिको भाषा बाट बनेको छ। उक्त जातिको भाषामा क्यानाडाको अर्थ गाउ बस्ति भन्ने हुन्छ। त्यसैगरी अमेरिकाका न्यु योर्क राज्यको म्यानहटन शहर को नाम पनि त्यहाका आदिवासी जनजाति भाषा बाट राखिएको छ। म्यानहटनका प्राचिन आदिबासी लेनापे भाषामा म्यानहटनको अर्थ अनगिन्ति टापूहरूको थलो भन्ने हुन्छ। यो शहर सन् १६२६ मा डचहरूले त्यहाका आदिबासी जनजातिहरूबाट कब्जा गरी यसको नाम नया अम्स्टरदयाम राखेका थिए। पछि १६६४ मा यो शहरलाई डचहरूको हातबाट अंग्रेजहरूले खोसेपछि बेलायतका राजा चार्ल्स दित्वीयले आफ्ना भाई योर्कका राजकुमार ड्युकलाई उपहार दिएपछि यसको नाम न्युयोर्क राखियो। हाल संयुक राष्ट्रसंघको प्रधान कार्यालय लेनापेको आदिम भूमि यही म्यान हटनमा अवस्थित छ र संयुक्त राष्ट्रसंघले राष्ट्र संघको साधारण सभा सुरु हुनु भन्दा पहिले म्यानहटनमा पहिले बसोबास गर्ने आदिबासीहरूको सम्मानमा राष्ट्र संघको साधारण सभा सुरुहुनु भन्दा पहिले प्रार्थना सभा गरेपछि मात्र साधारण सभाको बाकी कार्यक्रम सुरु गर्ने प्रचलन सुरु गरेकोछ।

त्यसैगरी चीनमा भित्री मंगोलिया र तिब्बतजस्ता प्रदेशहरूको नामकरण पनि जातीय भाषिक आधारमा निर्माण भएको छ भने स्वीजरल्याण्ड र बेल्जियमका सबै प्रदेशहरू भाषिक आधारमै निर्माण भएका छन्। यी विश्वव्यापी उदाहरण हेर्दा संसारमा प्रायः सबै देशको निर्माण कुनै न कुनै रूपमा जाति र भाषाकै आधारमा भएको देखिन्छ। नर्वेमा आफ्नो कुनै निश्चित भूमि र राज्य नभएका भूमिहीन र राज्यविहीन सामीहरूको पहिचानलाई सम्मान गर्दै नर्वेली सरकारले सामीहरूका परम्परागत कानुनमा आधारित संसदलाई मान्यता प्रदान गरेको छ। त्यसैगरी अष्ट्रेलियाको सरकारले त्यहाँका आदिवासी जनजातिहरूप्रति विगतमा भए/गरेका विभेद, उत्पीडन र दुर्व्यवहारप्रति क्षमा माग्दै अष्ट्रेलियाका आदिवासी जनजातिहरूको सम्मानमा सन् १९९८ देखि वर्षको एक दिन मे २६ लाई'क्षमा दिवस'(क्यचथ म्बथ) मनाउने गर्दछन्। केही वर्षयता अमेरिकाका मिनेसोटा, अलास्का, ओरिगन, साउथ दकोटा आदि राज्य र क्यालिफोर्निया, सिन्सिनाटी र भरमन्ट शहरहरूमा 'अमेरिका पत्ता लगाउने' भनी प्रचारित इटालीका नाविक क्रिस्टोफर कोलम्बसको स्मृतिमा मनाइने'कोलम्बस दिवस'मनाउन छोडेर प्रत्येक बर्ष अक्टोबरको दोस्रो सोमबार आदिवासी दिवस मनाउन थालेका छन्। यी उदाहरणहरूबाट नेपालले पनि केही सिक्ने कि ?

माथि उल्लेख गरिएका विभिन्न देशका उदाहरणहरूबाट के स्पस्ट हुन्छ भने जहाँ जुन समुदायको बाहुल्यता छ, जुन जातिको थातथलो स्थापित छ, जुन माटोबाट जसको इतिहास र संस्कृतिको सुगन्ध आउँछ, त्यसलाई सम्मान गर्न सकियो र त्यसको नाम स्थापित भयो भने सबैको पहिचान स्थापित हुन्छ र सबैको सम्मान पनि हुन्छ। प्रदेश नं १, २, ३, ४ जस्ता नामै नभएका, पहिचानै नभएका, कसैको पनि सम्मान र संस्कृति नजोडिएका वा बागमती, गण्डकी, कर्णालीजस्ता अमुर्त र अमूक भूगोलको नाम राख्नुको अब कुनै अर्थ छैन। अतः राज्यका सबै अंग र तहमा सबैको पहिचान, सबैको अनुहार, सबैको अस्तित्व, सबैको आत्मसम्मान प्रकट हुने संरचना र संस्कृतिको विकासमा बल पुऱ्याउनु आवश्यक छ। यसबाट एकातिर नेपालका उत्पीडित आदिवासी जनजातिहरूको भावना र चाहनाको कदर हुन्छ, उनीहरूको आत्मसम्मान र स्वाभिमान बढ्छ, प्रदेशप्रति उनीहरूको मोह बढ्छ, प्रदेशप्रति उनीहरूको अपनत्व बोध हुन्छ र संघीयता तथा गणतन्त्र मजबुत हुन्छ भने अर्कोतिर नेपालका विभिन्न समुदायहरूबीच साम्प्रदायिक सद्भावको विकास हुन्छ, नेपालको राष्ट्रियता र सार्वभौमकता पनि बलियो हुन्छ जसले मुलुकमा द्वन्द्व न्यूनीकरण गर्न र सुख शान्ति तथा समृद्धि ल्याउन मद्दत पुऱ्याउँछ।

*साभार जनजाति मुक्ति आवाज २०७७*

## आलोपालो

# जीवनसाथी कमरेड हर्कबहादुर शाहीलाई सम्झिंदा


● नैनकला शाही ●

नैनकला शाहीको वि.सं. २००३ माघ १ गते माघे संक्रान्तिका दिन चामुण्डा विन्द्रासैनी गाउँपालिका वडा नं. १, साविकको चामुण्डा गाविस वडा नं. ९ विशालामा माता पार्वती शाही र पिता देउराम शाहीको जेठी छोरीको रूपमा जन्म भएको हो । उहाँलाई जन्माउनेवित्तिकै उहाँको मुवा वितेपछि बुवाले भैसीको दुध ख्वाएर उहाँलाई पालेको दर्दभरि कुरा उहाँले बताउनु भयो । मुवा वितेपछि बुवाले अर्को विहे गर्ने वाध्यता भएपछि उहाँ ६ वर्षको अवस्थामा बुवाले अर्को विहे गर्नुभएको थियो । कान्छी आमा ब्यहोर्दै वाल्यकाल वितेको बताउनु भयो । पछिल्लो समयमा उहाँको घर परिवार विशालाबाट हालको चामुण्डा विन्द्रासैनी वडा नं. ४ चिम्यागाउँ कान्छावाडामा सर्नु भएको थियो ।



उहाँको वि.सं. २०१८ साल बैशाख १० गते हर्कबहादुर शाहीसँग मागी विवाह भएको हो । विवाह भएपछि माईती घर र कर्मघर सँगै भएको कारण पराई घरमा गएको अनुभूतिसम्म भएन । बरु बुवाको माया सासूससुराको मायाका कारण उहाँको जीवनमा थप सहाराको आभाष भएको कुरा बताउनु हुन्छ । श्रीमान् मुग्लान गएपछि अलि सकस भएको थियो । वि.सं. २०२३ साल माघमा एउटा छोरी जन्माउनु भयो तर ३ महिनापछि छोरीको काल भएपछि उहाँलाई झन पीर परेको कुरा बताउनु हुन्छ । शिक्षा दीक्षाको उज्यालो नपाएका कारण उहाँले श्रीमान्ले पठाएको चिट्ठी पनि पढ्न नसक्ने अरुले सुनाईदिने गरेको बताउनु हुन्छ । श्रीमान्लाई पत्र लेख्न सक्ने भएको भए आफ्ना त्यतिबेलाका दुःख लेखेर पठाउने ठुलो ईच्छा मनमा नै बसिरहेको थियो । झण्डै ७ वर्ष भन्दा बढीको पर्खाई कति दर्दनाक थियो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । श्रीमान्को अत्यासका कारण आफ्नो नन्दलाई लिएर दैलेख बजार गई आवाबाट एक पटक मात्र कुरा गरेको उहाँ बताउनुहुन्छ ।

करिव १० वर्षको अन्तरालमा कमरेड हर्कबहादुर शाही गाउँ फर्केपछि रातको अधेरी पछिको बिहानीजस्तो प्यारो अद्भूत खुसीको क्षण जीवनभरि याद हुनेछ । त्यसको करिब १ वर्षपछि छोरा दीपकबहादुर शाहीको जन्म हुनुले खुसीको संसारमा उमंगको रंग भरिएको थियो । छोरा पनि असाध्यै लायकको प्यारो न्यारो सबैले माया गर्ने रहरलाग्दो हुनाले कसैले भुईंमा रहन नदिने सबैले माया गरिरहने हात-हातमा लिने गरेको कुरा बताउनु हुन्छ । त्यही खुसीको बिचमा अलि दुःखको कुरा कमरेड हर्कबहादुर शाही रातदिन जनताको मुक्तिको लागि हिड्ने सासू ससुराको उमेर बुढो भएको हुनाले घरको काममा अलि बढी शारीरिक पीडा भएको थियो । तर उहाँले कहिल्यै पनि श्रीमान्को राजनीतिक क्रियाकलापमा प्रश्न चिह्न खडा गर्नु भएन किनकि उहाँलाई श्रीमान्को काम काजमा पूर्ण विश्वास रहेको कुरा बताउनु हुन्छ । बरु गाउँघर डुल्दा खानपानमा स्याहार नपुगेको कुरामा चिन्ता गरेको कुरा बताउनु हुन्छ । हमेशा पतिको काम ब्यवहारमा सहयोग गरेको कुरा बताउनु हुन्छ । दोश्रो पटक उहाँले १ छोरा १ छोरी जुम्ल्याहा बच्चा जन्माउनु भएको हो । तीन दिनपछि छोरा बितेको र मञ्जु शाही बाँचेकी हुन भन्ने कुरा बताउनु हुन्छ । त्यसपछि नवीन शाहीको जन्म भएको त्यसपछि अनिता शाहीको र त्यसपछि एक *बाँकी ७ पेजमा*

## कोरोनाकहर...

भनेझैँ छ्याङ्ङै पारेकै हो । यसले भ्रमका आवरणहरू च्यातेकै हो र मानवद्वेषी सत्ताका विरुद्ध सङ्घर्षको आवश्यकतालाई स्थापित गरेकै हो । यही निष्कर्षमा पुगेका कवि पंज्ञानी अगाडि लेख्छन्ः

*यो प्यारो पृथिवी हाम्रो नाता मीठो चराचर*
*सहसम्बन्धले मात्रै बचेको जीवको घर ।*
*नाफाका लोभले नाता तोडी हिँड्दैछ पातकी*
*हत्या गर्न कतै केही गाह्रो मान्दैन घातकी ।*
*महत्तामय बाँच्नाको रङ्गमा रङ्गिए भने*
*खती भोग्नेहरू जम्मै एक भै जङ्गिए भने*
*लाग्छ दर्बारमा आगो, भाग्छ राजा, गयो अब*
*निस्क ए ! लुटिएका हो शुभ बेला भयो अब ।*

लुटिएकाहरू एक हुँदा सम्भ्रान्तका दरबारमा आगो लाग्ने निष्कर्षमा पुगेका कविले विद्रोहका लागि शुभ बेला आएको धारणा व्यक्त गरेका छन् । शोकलाई, कठिनाइलाई शक्तिमा बदल्ने र सम्पूर्ण खाले मानवद्वेषी विभेद र उत्पीडनका विरुद्ध विद्रोहलाई तीव्र र सशक्त बनाउनुपर्ने आवश्यकता र अवसर दुवैलाई मार्क्सवादी कविहरूले आफ्ना कवितामा प्रस्तुत गरेका छन् । माथि भनेझैं कोरोना प्रकृति हो । प्रकृतिमा प्रतिकूलताहरू छन्रहुन्छन् र तिनका विरुद्ध मानवजातिले सङ्घर्ष गर्दै आफ्नो अस्तित्व रक्षा गर्दै आएको छ तर यतिबेला प्रकृतिका विरुद्ध निरपेक्ष सङ्घर्षले यस महाव्याधिबाट मुक्ति सम्भव छैन । मानवद्वेषी पुँजीवादले जसरी भोक र अभावलाई श्रमजीवीका निम्ति स्थायी बनाइराख्ने र आफ्ना लागि सारा वैभव, सेवा, सुविधा सञ्चय र सुनिश्चित गरिराख्ने काम जसरी गरिराखेको छ, त्यसले श्रमजीवी, पहुँचविहीन वर्गका लागि यस महाव्याधिलाई अझ कठिन बनाउने र यस्ता महाव्याधि भविष्यमा अझ नयाँनयाँ स्वरूपमा देखापर्ने निश्चित छ । प्रकृतिका प्रतिकूलता आफ्ना ठाउँमा छन् र ती कुनै न कुनै रूपमा प्रकृति रहुञ्जेल रहिरहन्छन् । वर्तमान समयमा मानवीय सङ्कटको मूल कारक र उत्तेजक दुबै भूमिकामा विश्व पुँजीवाद नै हो र यसका विरुद्धको लडाइँलाई नयाँ उचाइमा पुऱ्याउनु नै यसको विकल्प हो र यही बाटोबाट मात्रै विभेदरहित सुन्दर, स्वस्थ र सभ्य मानव समाजको निर्माण सम्भव छ । यसका राजनैतिक आयामहरूको पाटोले बेग्लै विमर्शको माग गर्छ तर जहाँसम्म कवि/स्रष्टाहरूको सन्दर्भ छ, मार्क्सवादी कविहरूले यस आवश्यकतालाई राम्रोसँग बोध गरेका छन् अनि कविताका माध्यमबाट ध्वंसक पुँजीवादका विरुद्ध विद्रोह बोलेका छन् र कविहरू जेहादी बनेका छन् ।

लकडाउनकै मौका छोपेर छिमेकी भारतले हाम्रो कालापानी लिपुलेक हुँदै मानसरोवर जाने बाटो बनाएर हाम्रो भूमिमाथि अतिक्रमण गऱ्यो र हाम्रै भनिएको सरकारले दरो खुट्टा टेकेन । अतिक्रमण र राष्ट्रियतामाथिको हमला विरुद्ध देशभक्त शक्तिहरूले गरेको प्रदर्शनमा धरपकड गऱ्यो तर राष्ट्रियताका पक्षमा क्रान्तिकारीहरू लकडाउनको प्रतिवाद गर्दै आवाज बुलन्द गरिरहे । त्यसै सन्दर्भलाई विषय बनाएर गौरी दाहालले लेखिन्ः

*लकडाउनलाई जिल्ल्याएर*
*पुग्यो सम्पूर्णको हातहातमा*
*छरियो विश्वभरि*
*लकडाउन हेरेको हेरै भयो*
*बन्द गर्न नसकेको आवाजले खिचिरहेछ*
*लकडाउन भित्रको ध्यान*
*र हिर्काइरहेछ सिंहदरबारभित्र*
*म्युजिकल चियर*
*खेलिरहेकाहरूको कानमा*
*अरू त सबै सबै लकडाउनमै छ*
*मात्र विचार विचरण गरिरहेछ विश्वमा*
*र स्वाभिमान गर्जिरहेछ मेरो देशमा !*

**(फेसबुक वालबाट)**

शक्तिशाली शासकहरूलाई लाग्छ, लकडाउनले श्रमजीवीहरूका, राष्ट्रिय स्वाभिमानका पक्षमा आवाज उठाउनेहरूका विचारलाई अथवा मस्तिष्कलाई पनि 'लक' गर्न सकिन्छ तर यथार्थ त्यस्तो छैन । गौरीले भनेझैँ अरू सब कुरालाई 'लक' गर्न सकिए पनि विचार र स्वाभिमानलाई लक गर्न सकिन्न । यही स्वतन्त्रता र स्वाभिमानधर्मी विचारले उपेक्षित, उत्पीडितहरूलाई जेहादी अर्थात् विद्रोही बनाउँछ र स्वतन्त्रताप्राप्तिको बाटोमा प्रवृत्त गराउँछ । समकालका कवितामा यही विद्रोही चेतनाको सौन्दर्य छ । यो समयबोधी चेतना हो र सौन्दर्यचेतनासँग यसको सुन्दर फ्युजन छ । यो समकालीन कविताको महत्वपूर्ण विशेषता हो र प्राप्ति पनि हो भन्ने म ठान्दछु ।

## सीमा वार्ता...

दिवसको दिन प्रधानमन्त्री केपी शर्मा ओलीले भारतीय समकक्षी नरेन्द्र मोदीलाई फोन गरी शुभकामना दिएसँगै दुई देशबीच कायम रहेको संवादहीनताको अन्त्य भएको थियो ।

परराष्ट्रमन्त्री ज्ञवालीले भारतीय प्रधानमन्त्रीलाई भेट्न नपाउनुले नेपालप्रति अपमान भएको राजनीतिक तथा कुटनीतिक वृतमा यतिखेर चर्चा भइरहेको छ ।

भ्रमणअघि नै पूर्वपरराष्ट्र सचिव मधुरमण आचार्यले देशभित्रै सरकारी पक्ष कमजोर भएका बेला बलियो छिमेकी देशसँग गम्भीर र महत्वपूर्ण विषयमा छलफल गर्न नहुने र उचित समय पर्खिनुपर्ने धारणा सुझाएका थिए भने नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल लगायत २३ राजनीतिक पार्टीले पाँचबुँदे सुझावसहित कुनै राष्ट्रको अहितमा सन्धि सम्झौता नगर्न खबरदारी वक्तव्य जारी गरेको थियो । वक्तव्यमा प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारी निवासमा आमन्त्रित गरेर गत पौष २७ गते लामो अन्तर्वार्ता दिएको भारतको जी न्यूज च्यानलका सम्पादकले हाम्रो देशको कालापत्थरमा गएर सगरमाथालाई पृष्ठ भागमा देखिने गरी खिचाएको फोटो समेत प्रदर्शन गर्दै नेपालको सार्वभौमिकतामाथि नै आँच आउने गरी सर्वोच्च शिखर एभरेष्टमाथि भारतले दावी गर्नुपर्छ भन्ने जुन अभिव्यक्ति दिएका छन्, त्यसको घोर भर्त्सना गरिएको थियो ।

वक्तव्यमा भनिएको थियो, "हाम्रो राष्ट्रको यस किसिमबाट अपमानित गर्ने व्यक्तिलाई उपयुक्त कारवाही चलाउन परराष्ट्र मन्त्रालय मार्फत् पहल गर्ने काम अविलम्ब अघि बढाउन यो सरकारसँग जोडदार माग गर्दछौं ।"

त्यसैगरी मन्त्री ज्ञवालीको भारत भ्रमणबारे वक्तव्यमा भनिएको थियो, "परराष्ट्र मन्त्रीको आसन्न भारत भ्रमणका दौरानमा प्रस्तावित मन्त्री स्तरीय बैठकमा निम्न लिखित विषयलाई महत्वका साथ उठाउने र पारित गर्ने सुझाव दिन चाहन्छौं :

(क) भारत सरकारले आफ्नो नक्शामा राखेको हाम्रो देशको भू-भाग लिम्पियाधुरा-कालापानी-लिपुलेक क्षेत्रलाई नेपालले आफ्नो नक्शामा सामेल गराउने महत्वपूर्ण काम गरेको छ । तर भारतले त्यो क्षेत्र अहिलेसम्म छाडेको छैन । अविलम्ब उक्त भू-भाग छोड्न लगाउनका साथै कालापानीबाट भारतीय सेना हटाउने काम गरियोस् ।

(ख) नेपाल र भारतका वीचमा भएको '१९५० को असमान सन्धी खारेज गराउने प्रस्ताव प्रस्तुत गरेर निर्णय स्तरमा लगियोस् ।

(ग) कोभिड् १९ को खोपबारे सबै विषय टुंग्याएर आवश्यक मात्रामा भारतबाट खोप ल्याउने व्यवस्था गरियोस् ।

(घ) सुस्ता, महेशपुर लगायतका भारतद्वारा मिचिएका नेपाली भूभाग फिर्ता गर्ने व्यवस्था गरियोस् ।

(ङ) नेपाल-भारत प्रवुद्ध व्यक्ति समहद्वारा नेपाल र भारतका वीचमा गरिएको १९५० को सन्धिको विषयमा तयार पारिएको सुझावलाई भारतीय प्रधान मन्त्रीद्वारा ग्रहण गर्ने तथा त्यसलाई कार्यान्वयन गर्ने व्यवस्था गरियोस् ।"

सामरिक मामिलाका जानकार गेजा शर्मा वाग्लेले नयाँ दिल्ली पुगेर तीन दिन बसेका परराष्ट्रमन्त्रीले सीमा र ईपीजीको प्रतिवेदन बैठकको कार्यसूची बनाउन नसक्नु परराष्ट्रमन्त्रीको कूटनीतिक असफलता भएको टिप्पणी गरेका छन् ।

नेपालका प्रमुख प्राथमिकतालाई नै बैठकको कार्यसूची बनाउन नसक्नु नेपाल पक्षको गम्भीर कुटनीतिक असफलता भएको उनको भनाइ छ ।

भारत भ्रमणका क्रममा मन्त्री ज्ञवालीले कोरोना भाइरसविरुद्धको भ्याक्सिन, पेट्रोलियम पाइपलाइन विस्तार, रेलमार्ग विस्तार, ऊर्जालगायतका विषयमा मात्र कुराकानी गरे ।

नेपाल-भारतबीचको संयुक्त विज्ञप्तिमा कनेक्टिभिटी, आर्थिक, व्यापार, ऊर्जा, तेल र ग्याँस, जलस्रोत, राजनीतिक र सुरक्षाको मामलामा कुराकानी भएको उल्लेख छ । पर्यटन, संस्कृति, शिक्षा र क्षमता अभिवृद्धिमा पनि कुराकानी भएको बताइएको छ ।

नेकपा प्रचण्ड-नेपाल समूहका नेता भीमबहादुर रावलले परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको भारत भ्रमणबाट नेपालको स्वाभिमानलाई झुकाउने र नेपालको कुटनीतिलाई कमजोर बनाउनेबाहेक अन्य केही पनि उपलब्धि नभएको टिप्पणी गरेका छन् ।

यसरी भारतले अतिक्रमित भूमि फिर्ता गर्न र त्यसका निम्ति वार्तामै बस्न अस्वीकार गर्दै आएको स्थितिमा यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गरेर लैजानुपर्ने अपरिहार्यता अझ बढेर गएको छ । त्यसका लागि देशभक्त तथा क्रान्तिकारी शक्तिहरूको निरन्तर खबरदारी तथा दबाब आन्दोलनको आवश्यकता अझ बढेर गएको छ । संसद विघटन गरेर विदेशीको दलालीमा सत्ता टिकाउने खेलमा लागेका ओलीले अतिक्रमित भूमि फिर्ता गराउन पहल गर्ने विषयमा यतिखेर गम्भिर आशंका उत्पन्न भएको छ । एमसीसी जस्तो राष्ट्रघाती सम्झौता कार्यान्वयनको हुटहुटीमा रहेको ओली सरकार भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको कठ्पुतलीको हैसियतमा पुगेको विश्लेषण भइरहेको छ । र, ओली सरकारको जनघात र राष्ट्रघातका सँगै प्रतिगामी फासिवादी कदमका विरुद्ध यतिखेर तीव्र विरोध भइरहेको छ । यतिखेर अग्रगामी राजनीतिक निकासको रूपमा संघीय जनगतान्त्रिक राज्य व्यवस्थाको स्थापना गरिनुपर्ने र यसबाट मात्रै राष्ट्रिय स्वाधीनताको रक्षा र जनजीविकाका समस्याहरूको दीर्घकालीन समाधान हुने बहसले व्यापक चर्चा पाइरहेको छ ।








**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात हुने,
- अनावश्यक रूपमा घर बाहिर भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगल तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्स्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।